## दुप्चेश्वर गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

(आर्थिक वर्ष २०८१/८२ – २०८३/८४)

लिकाको राजश्व सुधार कार्ययोजना

## दुप्चेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

### समुन्द्रटार, नुवाकोट

ईमेलः dupcherumun2017@gmail.com
वेबसाइटः www.dupcheshwormun.gov.np

## सल्लाहकार समिति

श्री शंकर बहादुर थापा, गाउँपालिका अध्यक्ष

श्री माकुरी तामाङ, गाउँपालिका उपाध्यक्ष

श्री दिपेश रिजाल, प्रमुख प्रशासकीय अधिकृत

श्री सिताराम तामाङ, १ नं. वडा अध्यक्ष

श्री बिरबल तामाङ, २ नं. वडा अध्यक्ष, संयोजक, सामाजिक विकास समिति

श्री ध्रुबकर के.सी., ३ नं. वडा अध्यक्ष, संयोजक, लेखा समिति

श्री ज्ञान बहादुर तामाङ, ४ नं. वडा अध्यक्ष, संयोजक, पुर्वाधार विकास समिति

श्री मईत बहादुर तामाङ, ५ नं. वडा अध्यक्ष, संयोजक, बन, बाताबरण तथा विपद व्यवस्थापन समिति

श्री किशोर आचार्य, ६ नं. वडा अध्यक्ष, संयोजक, आर्थिक विकास समिति

श्री बुद्धिमान तामाङ, ७ नं. वडा अध्यक्ष, संयोजक, सुशासन तथा सँस्थागत विकास समिति समिति

श्री देव कुमार गिरी, लेखा अधिकृत

श्री अञ्जली भण्डारी, प्रशासकीय अधिकृत

## स्थानिय राजश्व परामर्श समिति

श्री माकुरी तामाङ, गाउँपालिका उपाध्यक्ष, संयोजक

श्री दिपेश रिजाल, प्रमुख प्रशासकीय अधिकृत, सदस्य

श्री ज्ञान बहादुर तामाङ, ४ नं. वडा अध्यक्ष, सदस्य

श्री सकुन्तला तामाङ, कार्यपालिका सदस्य, सदस्य

श्री शशी प्रसाद आचार्य, उद्योग बाणिज्य संघ प्रतिनिधी, सदस्य

श्री मुक्तलाल श्रेष्ठ, चेम्बर अफ कमर्श प्रतिनिधी, सदस्य

श्री देव कुमार गिरी, लेखा अधिकृत, सदस्य सचिव

# विषय सूची


**विषय सूची ........................................................................................................ II**

**तालिका सूची...................................................................................................... IV**

**अनुसूचीहरू ........................................................................................................ VI**

**परिच्छेद – १ ........................................................................................................ 1**

**परिचय ................................................................................................................ 1**

१.१ पृष्ठभूमि.................................................................................................... 1

१.२ राजस्व सुधार कार्ययोजनाको उद्देश्य.................................................................... 3

१.३ राजस्व सुधार योजनाको औचित्य ........................................................................ 3

१.४ कार्ययोजना तर्जुमा विधि .................................................................................. 4

१.५ अध्ययनको सिमा............................................................................................ 4

**परिच्छेद - २ ......................................................................................................... 6**

**दुप्चेश्वर गाउँपालिकाको परिचय........................................................................... 6**

२.१ दुप्चेश्वर गाउँपालिका सम्बन्धी जानकारी ............................................................. 6

२.१.१ गाउँपालिकाको भौगिलिक अवस्था र राजनीतिक विभाजन ..................................... 7

२.१.१ गाउँपालिकाको जनसङ्ख्या र सामाजिक तथा सांस्कृतिक विविधता .......................... 7

२.१.३ गाउँपालिकाको मुख्य व्यावसायिक क्रियाकलापहरू................................................ 8

२.२ गाउँपालिकाको मानव संसाधन र भौतिक पूर्वाधारको अवस्था ..................................... 9

२.२.१ गाउँपालिकाको मानव संसाधनको अवस्था .......................................................... 9

२.२.२ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था ........................................................ 15

**परिच्छेद - ३ ......................................................................................................... 17**

**स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता .............................................. 17**

३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था........................................ 17

३.१.१ तहगत सरकारका राजस्व अधिकार.................................................................. 17

३.१.२ राजस्व संकलनको एकल कर प्रशासन व्यवस्था .................................................. 18

३.१.३ संकलित राजस्वको बाँडफाँट.......................................................................... 19


दुप्चेश्वर गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

३.१.४ अनुदान ........ 20

३.१.५ वैदेशिक सहायता तथा आन्तरिक ऋण ........ 20

३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ 21

३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ 23

३.३.१ स्थानीय कर राजस्व ........ 23

३.३.२ गैर कर राजश्व ........ 34

**परिच्छेद - ४ ........ 44**

**आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ 44**

४.१ राजश्व परिचालन सम्बन्धी नीति ........ 44

४.२ आय संकलनको संस्थागत क्षमता ........ 44

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ........ 44

४.४ राजश्व परिचालनमा रहेका सवालहरू ........ 45

**परिच्छेद - ५ ........ 48**

**राजश्व सुधार कार्ययोजना ........ 48**

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ........ 48

**परिच्छेद - ६ ........ 69**

**आगामी तीन वर्षको आय प्रक्षेपण ........ 69**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा आय तथा राजस्व प्रक्षेपण ........ 69

६.१.१ आय अनुमान तथा प्रक्षेपणका आधारहरू ........ 69

६.१.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ........ 71

**परिच्छेद - ७ ........ 74**

**अपेक्षित नतिजा ........ 74**

**परिच्छेद - ८ ........ 78**

**अनुगमन तथा मूल्यांकन ........ 78**

**परिच्छेद - ९ ........ 79**

**स्थानीय राजस्वका थप सम्भावनाहरू ........ 79**

# तालिका सूची


तालिका १: गाउँपालिकाको  भौगोलिक स्थिति ७

तालिका २:  जनसङ्ख्या र सामाजिक तथा सांस्कृतिक विविधता ७

तालिका ३:  मुख्य व्यावसायिक क्रियाकलापहरू ८

तालिका ४:  मानव संसाधनको अवस्था ९

तालिका ५:  भौतिक सम्पत्तिहरू १५

तालिका ६:  राजस्व शाखामा उपलब्ध पूर्वाधारहरू १५

तालिका ७:  तहगत सरकारका राजस्व अधिकार १७

तालिका ८:  मूल्य अभिवृद्धि कर र अन्तः शुल्कको बाँडफाँट १९

तालिका ९: प्राकृतिक स्रोतको  रोयल्टीको बाँडफाँट (प्रतिशतमा) १९

तालिका १०: प्रदेशसँग बाँडफाँट गर्नुपर्ने कर तथा गैरकर राजस्वको व्यवस्था १९

तालिका ११:  राजस्व आयको सम्भाव्यता,  दरको निर्धारण र संकलनको अवस्था २१

तालिका १२:  सम्पत्ति कर आयको सम्भावनाको गणना २४

तालिका १३:  एकीकृत सम्पत्ति कर आय संकलन प्रवृत्ति २५

तालिका १४:  भूमि कर (मालपोत) आयको सम्भावनाको गणना २५

तालिका १५:  घरजग्गा बहाल आय संकलन प्रवृत्ति २६

तालिका १६:  घरजग्गा बहाल आयको सम्भावनाको गणना २६

तालिका १७: बहाल बिटौरी कर आय अनुमान २७

तालिका १८: व्यवसाय कर आय संकलन प्रवृत्ति २८

तालिका १९:  व्यवसाय कर आयको सम्भावनाको गणना २९

तालिका २०:  सवारी साधन कर आयको सम्भावनाको गणना ३०

तालिका २१: जडिबटी कवाडी तथा जीवजन्तु कर आय संकलन प्रवृत्ति ३१

तालिका २२:  जडिबुटी, कवाडी र जीवजन्तु कर आयको सम्भावनाको गणना ३१

तालिका २३:  विज्ञापन कर आयको सम्भावनाको गणना ३२

तालिका २४:  विज्ञापन कर आयको सम्भावनाको गणना ३३

तालिका २५:  सवारी पार्किङ शुल्क आयको सम्भावनाको गणना ३४

तालिका २६: घरनक्सा पास दस्तुर  संकलन प्रगति प्रवृत्ति ३५

तालिका २७:  घर नक्सा पास दस्तुर आयको सम्भावनाको गणना ३६

तालिका २८:  सिफारिस दस्तुर आयको प्रगति प्रवृत्ति ३७

तालिका २९:  सिफारिस दस्तुर आयको सम्भावनाको गणना ३७

तालिका ३०:  व्यक्तिगत घट्ना दर्ता दस्तुर आयको प्रगति प्रवृत्ति ३८

तालिका ३१:  व्यक्तिगत घट्ना दर्ता आयको सम्भावनाको गणना ३९

तालिका ३२:  नाता प्रमाणित दस्तुर आयको प्रगति प्रवृत्ति ३९

तालिका ३३:  नाता प्रमाणित दस्तुर आयको सम्भावनाको गणना ४०

तालिका ३४:  सामुदायिक वनबाट आयको सम्भावनाको गणना ४०

तालिका ४२:  प्राकृतिक स्रोत साधान उपयोग तथा बिक्री आयको सम्भावना गणना ४१

तालिका ३५:  अन्य दस्तुर आयको प्रगति प्रवृत्ति ४१

तालिका ३६:  अन्य दस्तुर आयको सम्भावनाको गणना ४२

तालिका ३७:  दण्ड जरिवाना आयको सम्भावनाको गणना ४३

तालिका ४४:  आन्तरिक राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धी स्थानीय ऐन तथा नियमहरू ४४

तालिका ३८:  आन्तरिक राजस्व परिचालनका वर्तमान सवालहरू ४५

तालिका ३९:  आन्तरिक राजस्व परिचालनका कार्यक्रमहरू ४८

तालिका ४०:  राजस्व सुधार कार्ययोजना ५२

तालिका ४१:  राजस्व सुधार कार्ययोजनाका लागि बजेट अनुमान ६१

तालिका ४२:  राजस्व आय अनुमान र प्रक्षेपणका आधारहरू ६९

तालिका ४३:  आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण ७२

तालिका ५१:  आगामी ३ आर्थिक वर्षको गुणात्मक नतिजा खाका ७४

तालिका ५२: आगामी तीन आर्थिक वर्षको  अपेक्षित आयको स्थिति ७७

दुच्वेश्वर गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

## अनुसूचीहरू

| | |
|---|---|
| अनुसूची - १ | विगत तीन आर्थिक वर्षको आयको तुलनात्मक विवरण |
| अनुसूची - २ | सम्पत्ति कर प्रक्षेपण |
| अनुसूची - ३ | भूमिकर (मालपोत) आय प्रक्षेपण |
| अनुसूची - ४ | घरबहाल कर आय प्रक्षेपण |
| अनुसूची - ५ | बहाल बिटौरी कर आय प्रक्षेपण |
| अनुसूची - ६ | व्यवसाय कर आय प्रक्षेपण |
| अनुसूची - ७ | सवारी साघन कर आय प्रक्षेपण |
| अनुसूची - ८ | जडिबुटी, कवाडी र जीवजन्तु कर आय प्रक्षेपण |
| अनुसूची - ९ | विज्ञापन कर आय प्रक्षेपण |
| अनुसूची - १० | अन्य मनोरञ्जन आय प्रक्षेपण |
| अनुसूची - ११ | सवारी पार्किङ शुल्क आय प्रक्षेपण |
| अनुसूची - १२ | नक्सापास दस्तुर आय प्रक्षेपण |
| अनुसूची - १३ | सिफारिस दस्तुर आय  प्रक्षेपण |
| अनुसूची - १४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर आय प्रक्षेपण |
| अनुसूची - १५ | नाता प्रमाणित दस्तुर आय प्रक्षेपण |
| अनुसूची - १६ | सामुदायिक वनबाट आय प्रक्षेपण |
| अनुसूची - १७ | प्राकृतिक स्रोत (नदीजन्य पदार्थ) निकासी आय प्रक्षेपण |
| अनुसूची - १८ | अन्य दस्तुर आय प्रक्षेपण |
| अनुसूची - १९ | दण्ड जरिवाना आय प्रक्षेपण |
| अनुसूची - २० | आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण |

दुधौली नगरपालिकाको राजश्व सुधार कार्ययोजना

## परिच्छेद – १

## परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको अंगीकार गरी संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरूको व्यवस्था गरी राज्य शक्तिको बाँडफाँट गरेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारहरू र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरूको सूची व्यवस्था गरिएको छ। यी अधिकार सूचीहरूमा आर्थिक अधिकारको पनि व्यवस्था गरिएको छ। संविधानको अनुसूची ८ अन्तर्गतका आर्थिक अधिकारभित्र स्थानीय तहले तोकिएका स्रोतहरूमा राजस्व दर र दायरा तोकी संकलन र उपयोग गर्न सकिने व्यवस्था गरिएको छ। संविधानको अनुसूची ९ अन्तर्गतका आर्थिक अधिकारभित्र रहेको राजस्वका स्रोतहरूबाट आय संकलन र कानुनबमोजिम बाँडफाँट गर्ने व्यवस्था गरिएको छ। यी आर्थिक अधिकारहरूलाई व्यवस्थित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र सम्बन्धित प्रदेशका कर तथा गैरकर व्यवस्थापन ऐन आदि जारी गरिएको छ।

भौगोलिक क्षेत्र, जनघनत्व र व्यावसायिक गतिविधि आदिको विशिष्टता र विविधता अनुसार स्थानीय तहहरूको एकल तथा साझा आर्थिक अधिकारभित्रका स्रोतहरूको सम्भावना फरक फरक रहेका छन्। स्थानीय तहहरूमा रहेका स्रोतहरूको अधिकतम् उपयोगले संघ र प्रदेश सरकारको काँधमा रहेको आर्थिक भार कम गर्न महत्वपूर्ण भूमिका रहन्छ। साथै स्थानीय तहहरूको आर्थिक स्वावलम्बनको अंश बढ्ने र आफूले चाहेका परियोजनाहरू सञ्चालन गर्न सकिने अवस्था रहन्छ। तर सबै स्थानीय तहहरूमा आन्तरिक राजस्वका स्रोतहरूको सम्भावना र उपलब्धता समानरुपमा रहेको छैन। स्थानीय विशिष्टताको आधारमा कुनै स्थानीय तहमा आन्तरिक आयको सम्भावना बढी र कुनैमा कम सम्भावना रहेको छ। आन्तरिक आयको सम्भाव्यताको कारण स्थानीय तहको खर्चमा स्थानीय आयको योगदान रहने गर्दछ। तैपनि गाउँपालिका वा गाउँपालिकाको  स्थानीय आयले सबै खर्च नपुग्ने अवस्था रहन्छ। यसर्थ संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहको खर्चको आवश्यकतालाई हेरी वित्तीय अनुदान र राजस्वको बाँडफाँटका रकम वितरण गर्ने गरिन्छ।

आन्तरिक आयको अलवा स्थानीय तहहरूका वित्तीय आवश्यकतालाई मापन गरी संघ तथा प्रदेश सरकारले वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रुपमा संघीय र प्रदेश सरकारले पनि आर्थिक अनुदानहरू उपलब्ध गराउने व्यवस्था रहेको छ । प्रदेशमा प्राप्त हुने आयको आधारमा विभिन्न किसिमका अनुदानहरू पनि प्रदान गर्ने व्यवस्था छ । सामान्यतः संघ र प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र स्थानीय राजस्व अधिकार बाहेक स्थानीय तहले संघीय सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने व्यवस्था समेत गरेको छ । तर हालसम्म स्थानीय तहहरूले यसरी ऋण लिने अभ्यास शुरु भएको छैन ।

संविधानको अनुसूची – ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेका राजस्वका स्रोतहरूको पहिचान गरी राजस्व संकलन तथा उपयोग गर्दै आएको छ । स्थानीय तहहरूमा उपलब्ध कर तथा गैरकर राजस्वका स्रोतहरूको पूर्ण र समुचितरुपमा उपयोग भइनसकेको अवस्था छ । कर तथा गैरकरका दर तथा दायराहरूमा करदाताको क्षमता र समय सापेक्ष परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको छ । स्थानीय कर तथा गैरकर व्यवस्थापनका लागि आवश्यक ऐन तथा कानुनहरू तर्जुमा र कार्यान्वयन, करका स्रोतको किसिमअनुसारका व्यवस्थापन र सुधारका विधिहरूको पहिचान गरी योजनामा समावेस गरी कार्यान्वयन गर्न जरुरी देखिएको छ । यही कुरालाई मध्यनजर गरी नेपाल सरकारले सबै स्थानीय तहहरूमा राजस्व सुधार कार्ययोजना/योजना तयारी तथा कार्यान्वयन गर्ने अभियान सञ्चालन गरेको छ । स्थानीय तहहरूमा राजस्वको उचित व्यवस्थापनका लागि राजस्व सुधार कार्ययोजना तयार गर्ने कार्यमा गुणस्तर कायम गर्न, प्रभावकारिता ल्याउन र सबै गाउँ/गाउँपालिका हरूमा एकरुपता कायम गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा “गाउँपालिका र नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६” जारी गरिएको छ । यसले स्थानीय तहको राजस्वको परिचालनमा सुधार ल्याउन राजस्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई आय अनुमान तथा खर्च बजेट तर्जुमा गर्न सहयोग गर्दछ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा प्रचलित कानुनअनुसार दुप्चेश्वर गाउँपालिकाले पनि राजस्व अधिकार क्षेत्रभित्रका कर तथा गैरकरहरू संकलन र उपयोग गर्दै आएको छ । यस गाउँपालिकामा आन्तरिक कर तथा गैरकर राजस्व सुदृढीकरणका लागि अनुसन्धान तथा योजना तर्जुमा गरी

कार्यान्वयन गर्नका लागि र स्थानीय राजस्वको परिचालनलाई व्यवस्थित तुल्याउनका लागि राजस्व सुधार कार्ययोजना तयारी गरिएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको उद्देश्य

आन्तरिक राजस्वका सम्भावनाहरूका लेखाजोखा गरी यस गाउँपालिकाले आन्तरिक राजस्व सुधार योजना तर्जुमा गरेको छ । यस कार्ययोजनाको प्रमुख उद्देश्य नै आन्तरिक आयका स्रोतहरूको लेखाजोखा गरी उक्त स्रोतहरूको दीगो उपयोग गरी राजस्वमा बढोत्तरी ल्याउने हो । यस कार्ययोजनाले आगामी तीन वर्षको लागि राजस्वका स्रोतहरूको समुचित उपयोग गर्दै गाउँपालिका लाई वित्तीय आत्मनिर्भरता बढाउने लक्ष्य राखेको छ । यस कार्ययोजनाका यसको विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

क) गाउँपालिका क्षेत्रभित्र रहेको स्थानीय राजस्वका स्रोतहरूको पहिचान र व्यवस्थापन गर्ने,

ख) स्थानीय राजस्व सम्भावना र आगामी तीन वर्षको राजस्व प्रक्षेपण गरी गाउँपालिका लाई उक्त लक्ष्य प्राप्तिका लागि प्रेरित गर्ने,

ग) गाउँपालिकाको स्थानीय राजस्व व्यवस्थापनको क्रममा देखा परेका समस्या र चुनौतिहरूको सम्बोधन गर्ने ।

घ) राजस्व प्रशासनमा समयसापेक्ष सुधार तथा सक्षमता विकास गर्ने ।

## १.३ राजस्व सुधार योजनाको औचित्य

दुप्चेश्वर गाउँपालिका नुवाकोट जिल्लाको उत्तरपूर्वी भेगमा अवस्थित एक स्थानीय तह हो । नेपालको संविधानको अनुसूची ८ मा उल्लेख गरिएका स्थानीय राजस्व सम्बन्धी एकल अधिकार र अनुसूची ९ मा उल्लेख गरिएका साझा राजस्व अधिकारहरू गाउँपालिकाले उपयोग गर्न पाउँदछ । यीमध्ये अधिकांश अधिकारहरूको उपयोग गरिएको अवस्था छ । तर यी अधिकार क्षेत्रभित्रका राजस्वका स्रोतहरूको पूर्ण उपयोग गर्न भने सकिएको छैन । संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिएका आन्तरिक आयका स्रोतहरूको यस गाउँपालिकामा पूर्ण र दीगो उपयोगको बारेमा लेखाजोखा गर्ने कार्य भएको छैन । यहाँका सम्भावित आन्तरिक आयका स्रोतहरूको पहिचान गरी सोको उपयोगको रणनीतिक योजना बन्न सकेको छैन । यसर्थ यहाँका सबै आन्तरिक आयका स्रोतहरूको पूर्णरुपमा उपयोग नहुनु स्वाभाविकै हो ।

गाउँपालिकाको बढ्दो वित्तीय आवश्यकतालाई परिपूर्ति गर्नको लागि आन्तरिक आयको व्यवस्थित रुपमा उपयोग अनिवार्य बन्न गएको महसुस गरिएको छ। यसको लागि गाउँपालिकाको आन्तरिक राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ। यहाँका कर तथा गैरकर राजस्वका हरेक स्रोतहरूको प्रकृति विश्लेषण गरी सोको आधारमा हरेक स्रोतलाई समुचित व्यवस्थापन सम्भव हुन्छ। राजस्वको सम्भावना के कति छ र यसको उपयोगको अवस्थामा प्रभावकारिता छ छैन भन्ने बारेमा विश्लेषण गरिएको छैन। यसकारण गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूको संयुक्त पहलबाट राजस्व प्रशासन तथा व्यवस्थापनलाई सवल गराउने कार्यका लागि पहल गरिएको हो। यसर्थ गाउँपालिकाले आगामी तीन वर्षका लागि आन्तरिक राजस्व सुधार कार्ययोजना तयार गरेको छ।

## १.४ कार्ययोजना तर्जुमा विधि

यस गाउँपालिकाको आन्तरिक राजस्वका दीगो व्यवस्थापन गर्ने अभिप्रायले राजस्व सुधार कार्ययोजना विधिवत् रुपमा तयार गरिएको छ। यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा **"गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६"** मा दिइएका विधिहरू अवलम्बन गरिएको छ। यो कार्ययोजना यहाँका जनप्रतिनिधि तथा कर्मचारीहरूको सक्रिय सहभागितामा तर्जुमा गरिएको छ। राजस्व सुधार कार्ययोजना तयारीको क्रममा विगतका आर्थिक वर्षहरूको राजस्व संकलनमा भएको प्रगति, राजस्व संकलनका अनुभवहरू, राजस्व व्यवस्थापनमा भएका कठिनाइहरू, राजस्व व्यवस्थापनमा जिम्मेवारी दिइएका जनशक्तिहरूका प्रभावकारिता आदिको समीक्षा गरिएको छ। यस आधारमा आगामी तीन वर्षमा गर्नुपर्ने सुधारका गतिविधिहरू पहिचान गरी योजनामा समावेस गरिएको छ। साथै आगामी तीन वर्षमा संकलन गर्न सकिने राजस्वको अनुमान तथा प्रक्षेपण समेत गरिएको छ। राजस्वको अनुमान र प्रक्षेपणले आन्तरिक राजस्वमा गाउँपालिकाले पुरा गर्नुपर्ने राजस्व लक्ष्यलाई दर्शाउने हुँदा कार्यपालिका र सम्बन्धित शाखालाई उक्त दिशातर्फ उन्मुख गराउने कार्य गर्दछ।

## १.५ अध्ययनको सिमा

राजस्व सुधार कार्ययोजना गाउँपालिकामा प्राप्त भएका सूचनाहरूको आधारमा तयार गरिएको छ। यस कार्ययोजना तयारीको क्रममा अध्ययनका सिमाहरू देहायअनुसार रहेका थिएः

क) यस कार्ययोजना आर्थिक स्रोतको सिमितताको कारण प्राथमिक स्रोतको सर्वेक्षण नगरी गाउँपालिकामा प्राप्त भएका राजस्व क्षेत्रका तथ्याङ्कहरूलाई उपयोग गरी तयार गरिएको छ। तसर्थ सबै करदाता वा राजस्वका स्रोतहरुको प्रतिनिधित्व नगर्न सक्दछ।

ख) सम्पत्ति तथा भूमिकरको अद्यावधिक तथ्याङ्क गाउँपालिकामा नभएको र सोको ताजा तथ्याङ्क संकलन गर्न ठुलो लागत लाग्ने भएको हुँदा गाउँपालिका प्रोफाइल र राजस्व शाखामा उपलब्ध रहेको तथ्याङ्कको आधारमा राजस्व आयको प्रक्षेपण गरिएको हुँदा अनुमानित तथा प्रक्षेपित आयमा केही फरक पर्न सक्ने सम्भावना रहेको छ।

ग) विभिन्न कर र गैरकरका कारदाताको विवरण प्राप्त नहुने र परिवर्तन भैरहने (जस्तै, पटके व्यवसाय कर, सिफारिस दस्तुर आदि) हुँदा गत तीन आर्थिक वर्षको आयको प्रवृत्ति र करदाताको प्रकृति हेरी उपयूक्त आधार लिई आयको अनुमान गरिएको छ। तैपनि सबै वर्षको आय अनुमान नमिल्न सक्ने जोखिम रहेको छ।

घ) संघ र प्रदेशवाट प्राप्त हुने राजस्व बाँडफाँट तथा विभिन्न अनुदानहरूको आधार प्राप्त नभएको हुँदा उक्त आयहरूको प्रक्षेपण गर्न विगत तीन आर्थिक वर्षहरूको आयको प्रवृत्ति र औसत वार्षिक आयलाई आधार मानिएको छ।

ङ) राजस्व सम्भावना तथा आय अनुमान गर्दा गाउँपालिकाको आर्थिक ऐन २०८० लाई आधार लिइएको छ । यस ऐनमा व्यवस्था भएका सबै कर तथा गैरकर लागू नभइसकेको र आगामी दिनहरुमा कार्यान्वयन गर्न लक्षित कार्यक्रमहरु नै सञ्चालन गर्नुपर्ने भएको तर त्यस्ता कार्यक्रमहरु सञ्चालन नभएमा राजस्व आयको लक्ष्य नपुग्न सक्ने सम्भावना रहन्छ।

दुन्चेश्वर गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

# परिच्छेद - २

# दुप्चेश्वर गाउँपालिकाको परिचय

## २.१ दुप्चेश्वर गाउँपालिका सम्बन्धी जानकारी

दुप्चेश्वर गाउँपालिका नुवाकोट जिल्लाको उत्तरपूर्वी भेगमा अवस्थित एक स्थानीय तह हो । यस गाउँपालिकाको केन्द्र समुन्द्रटारमा रहेको छ । कुल ७ वटा वडा रहेको यस गाउँपालिका नुवाकोट जिल्लाको साविकका इलाका नं १२ र १३ का सबै गाउँ विकास समिति मिलाएर बनाइएको हो । नेपाल संघिय गणतान्त्रिक मुलुक घोषणा भएसँगै वि.सं. २०७३ फागुन २७ गतेबाट यस गाउँपालिकाको स्थापना भएको हो । दुप्चेश्वर गाउँपालिकाको नामाकरण यसै पालिका भित्र अवस्थित प्रसिद्ध महादेव मन्दिर दुप्चेश्वरको नामबाट राखिएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल १३१.६२ वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिकाको कुल भू-भाग को ७०.३८ प्रतिशत भु-भाग ३० डिग्रीभन्दा बढी भिरालो रहेको छ भने ५ डिग्रीदेखि कम भिरालो रहेको भू-भाग जम्मा ०.९२ प्रतिशत रहेको छ । दुप्चेश्वर गाउँपालिका भित्र अविरल बगि रहने नदीहरुमा मुख्यत दुई वटा नदीहरु सूर्यमती र चन्द्रामति नदी स्थायी नदीको रुपमा लिन सकिन्छ ।




चित्र: दुप्चेश्वर गाउँपालिकाको नक्सा

### २.१.१ गाउँपालिकाको भौगिलिक अवस्था र राजनीतिक विभाजन

यस गाउँपालिकाको भौगोलिक अवस्था र राजनितिक विभाजन देहायको तालिकामा उल्लेख गरिएको छः

तालिका १: गाउँपालिकाको भौगोलिक स्थिति

| विषय | विवरण |
|---|---|
| **अक्षांश** | २७ °५७' ००" उत्तरी अक्षांश |
| **देशान्तर** | ८५ °२०' ००" पूर्वी देशान्तर |
| **उचाइ/एलिभेसन** | समुन्द्र सतहबाट ८४७ मिटरदेखि ५१४५ मिटरसम्म |
| **क्षेत्रफल** | १३१.६२ वर्ग कि.मि. |
| **कृषि भूमि र बस्ती भएको जमिन** | ५४.५५ वर्ग कि. मि. कृषि भूमि र १०.५४ वर्ग कि. मि. आवसीय क्षेत्र |
| **जंगलले ढाकिएको भूमि** | ३२.२१ वर्ग कि. मि. (२६.६० प्रतिशत) |
| **तापक्रम** | जाडोमा न्यूनतम् ५ डिग्रीबाट गर्मीमा अधिकतम् ३० डिग्रीसम्म |
| **औसत वर्षा** | २५०० मिलि मिटर |
| **सिमाना** | पूर्वः सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिका ,<br>पश्चिमः नुवाकोट जिल्लाको पञ्चकन्या र तादी गाउँपालिका,<br>उत्तरः रसुवाको नौकुण्ड गाउँपालिका,<br>दक्षिणः नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका |
| **वडा सङ्ख्या** | ७ |
| **मुख्य टोलबस्ती** | समुन्द्रटार, हुङ, करेजुङ, बोकेढुङ्गा, डाँडखर्क, सिम्टाङ, शिखरवेशी, घ्याङफेदी, बोलुङ, सिसिपु, कँडेनी, कुटुमसाङ, ढाँडे बोलगाउँ, पाङर, छेपार, गोल्फु भन्ज्याङ, बेतिनी, जिम्नाङ, निगाले, कामचोक, कमारेगाउँ, राउतवेसी, गहतार |
| **मुख्य बजार केन्द्र** | समुन्द्रटार ,घ्याङफेदी, राउतवेसी, कुटुमसाङ, गोल्फु भन्ज्याङ |
| **मुख्य पर्यटकीय स्थल** | लाङटाङ राष्ट्रिय निकुन्ज, दुप्चेश्वर महादेव, छेवाङ ग्लान ङारछ्यालिङ गुम्बा, घ्याङकी देवी (इन्द्रायणी) मन्दिर, राम्चे,जोङ्गेन ढुङगा, टासी सामलिङ गुम्बा,व्यास गुफा, सूर्यकुण्ड, सागर कुण्ड, झ्याकुम कुण्ड आदि। |

### २.१.१ गाउँपालिकाको जनसङ्ख्या र सामाजिक तथा सांस्कृतिक विविधता

तालिका २: जनसङ्ख्या र सामाजिक तथा सांस्कृतिक विविधता

| विषय | विवरण |
|---|---|
| घरधुरी सङ्ख्या | ५,१४१ (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) |
| जनसङ्ख्या | २१,००५<br>महिला – १०,५३१ (५०.१ %) र पुरुष – १०,४७४ (४९.९ %) |
| औसत परिवार आकार | ४.०९ जना |
| जनघनत्व | ४२७ प्रति वर्ग कि. मि. |
| मुख्य धर्म | हिन्दू, बौद्ध, इसाई, बोन आदि |
| मुख्य भाषा | नेपाली, तामाङ, शेर्पा, भोजपुरी, गुरुङ, छन्त्याल, मगर आदि । |
| मुख्य समुदाय | क्षेत्री,तामाङ,शेर्पा, मगर, बाहुन, परियार, विश्वकर्मा, नेवार, आदि । |
| कूल साक्षरता | ६२.६७ प्रतिशत (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) |

### २.१.३ गाउँपालिकाको मुख्य व्यावसायिक क्रियाकलापहरू

तालिका ३: मुख्य व्यावसायिक क्रियाकलापहरू

| क्र सं | व्यवसायको नाम तथा किसिम | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | व्यापारिक वस्तु | ९९ | |
| २ | निर्माण व्यवसाय (ठेक्कापट्टा) | ३ | |
| ३ | उत्पादनमुलक उद्योग | ० | |
| ४ | कृषि तथा वन जन्य व्यवसाय | ११ | |
| ५ | पर्यटन तथा होटेल व्यवसाय | ० | |
| ६ | सेवा उद्योग | १६ | |
| ७ | निर्माण उद्योग | ३ | |
| ८ | सञ्चार व्यवसाय | ० | |
| ९ | वित्तीय सेवा | ० | |
| १० | विशेषज्ञ तथा परामर्श सेवा | ० | |
| ११ | शिक्षा सेवा | ४ | |
| १२ | मर्मत संभार केन्द्र | ० | |
| १३ | अन्य सेवा | १ | |
| १४ | माथि नपरेका व्यवसायहरू | ० | |
| | जम्मा | १३४ | |

स्रोतः दुध्चेश्वर गाउँपालिका , राजस्व शाखा, २०८०

## २.२ गाउँपालिकाको  मानव संसाधन र भौतिक पूर्वाधारको अवस्था

यस गाउँपालिकाको  मानव संसाधन र भौतिक पूर्वाधारको अवस्था देहायअनुसार रहेको छः

### २.२.१ गाउँपालिकाको  मानव संसाधनको अवस्था

तालिका ४: मानव संसाधनको अवस्था

तालिका ४.१ दुप्चेश्वर गाउँपालिकाका गाउँसभा सदस्यहरू

| क्र सं | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | शंकर बहादुर थापा | गाउँपालिका अध्यक्ष | ९८५११८७३२० |
| २ | माकुरी तमाङ | गाउँपालिका उपाध्यक्ष | ९८०३३०८१५० |
| ३ | सीता राम तमाङ | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | ९८२८७३२३७१ |
| ४ | मिलिना तामाङ | १ नं वडा (कार्यपालिका महिला) सदस्य | ९८४०१००६३६ |
| ५ | जित मान तमाङ | १ नं वडा सदस्य | ९८१८७५७५१८ |
| ६ | कृष्ण तमाङ | १ नं वडा सदस्य | ९८६१२८०३९८ |
| ७ | विर वल तामाङ | २ नं वडा अध्यश्न (कार्यपालिका सदस्य) | ९८६६३१६१६१ |
| ८ | सुन माया तामाङ | २ नं वडा महिला सदस्य (कार्यपालिका सदस्य) | ९८८६२१४३४७ |
| ९ | अर्पना सुनार | २ नं वडा दलित महिला सदस्य | ९८४४१८८३०९ |
| १० | विरवल तामाङ | २ नं वडा सदस्य | ९८४५७५१५७१ |
| ११ | लक्षी तामाङ | २ नं वडा सदस्य | ९८४३४३६३०५ |
| १२ | ध्रुवकर के.सी. | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | ९८५१०५३७४१ |
| १३ | सबिना तामाङ | ३ नं बडा महिला सदस्य | ९८४०४२५०८८ |
| १४ | पार्वती वि.क | ३ नं वडा दलित महिला सदस्य | ९८२३८०६४२१ |
| १५ | तिर्थ तामाङ | ३ नं वडा सदस्य | ९८४७२९४६५९ |
| १६ | भन्द्र बहादुर तमाङ | ३ नं वडा सदस्य | ९८४३४४२१९३ |
| १७ | ज्ञान बहादुर तामाङ | ४ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | ९८५१२१४४६९ |
| १८ | फुल माया तमाङ | ४ नं वडा महिला सदस्य | ९८६२२०३६७९ |
| १९ | सुन्तलि विश्वकर्मा | ४ नं वडा दलित महिला सदस्य (कार्यपालिका सदस्य) | ९८१०१०५५८८ |
| २० | सूर्य बहादुर तमाङ | ४ नं वडा सदस्य | ९८४८५७०३२० |
| २१ | लक्ष्मण तामाङ | ४ नं वडा सदस्य | ९८१८८०४७६० |

| | | | |
|---|---|---|---|
| २२ | मईत बहादुर तमाङ | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | ९८४१०८६५१७ |
| २३ | दिल माया तमाङ | ५ नं वडा महिला सदस्य | ९८०८५३३८६० |
| २४ | सानु माया वि.क | ५ नं वडा दलित महिला सदस्य | ९८४९२०५०१६ |
| २५ | सिता राम तमाङ | ५ नं वडा सदस्य | ९८४०२२३१८२ |
| २६ | आर्यन तमाङ | ५ नं वडा सदस्य | ९८५१२३४३९५ |
| २७ | किशोर आचार्य | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | ९८५११८७३८८ |
| २८ | सरिता पण्डित | ६ नं वडा महिला सदस्य | ९८५१२४९८३८ |
| २९ | भगवती नेपाली | ६ नं वडा दलित महिला सदस्य | ९८६२२४२९२४ |
| ३० | भिमसेन सिटौला | ६ नं वडा सदस्य | ९८४३४८१९०५ |
| ३१ | सिरलामा तामाङ | ६ नं वडा सदस्य | ९७४८२९१५५३ |
| ३२ | बुद्धिमान तमाङ | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | ९८०३७९५१२८ |
| ३३ | सकुन्तला तामाङ | ७ नं बडा महिला सदस्य (कार्यपालिका सदस्य) | ९८१८२४०९०२ |
| ३४ | उमा कुमारी विश्वकर्मा | ७ नं वडा दलित महिला सदस्य | ९८४३६३११९८ |
| ३५ | कृष्ण राज थापा | ७ नं वडा सदस्य | ९८४३६३११८९ |
| ३६ | तपा सिं तमाङ | ७ नं वडा सदस्य | ९७४५९४३८१७ |
| ३७ | राजु नेपाली | दलित सदस्य (कार्यपालिका सदस्य) | ९८४३४५७०७० |

तालिका ४.२ दुप्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| क स | नाम थर | | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| **प्रमुख प्रशासकीय अधिकृत : दिपेश रिजाल (रा.प. तृतीय) (९८५११२६८९९)** | | | | |
| **१** | **प्रशासन, योजना तथा अनुगमन शाखा** | | | |
| | १ | अन्जली भण्डारी | प्रशासकीय अधिकृत (६ औं) | ९८४०३३७६८८ |
| **१.१** | **प्रशासन इकाई** | | | |
| | १ | रुबन कुमार साह | कम्प्युटर अपरेटर (५ औं) | ९८५११५४८७० |
| | २ | राम सिहं तामाङ | सहायक कम्प्युटर अपरेटर | ९८४१०४६०३३ |
| | ३ | श्याम बहादुर बस्नेत | कार्यालय सहायक | ९८४१०६०५१४ |
| **१.२** | **राजश्व इकाई** | | | |
| | १ | जमुना अर्याल | स.म.बि.नि (चौथो) | ९८४३११८२५२ |
| **१.३** | **योजना तथा अनुगमन इकाई** | | | |

| | | | | |
|---|---|---|---|---|
| | १ | पुष्पा पनेरु देवकोटा | प्रशासन सहायक (५ औं) | ९८४९८१२४७७ |
| | २ | बिष्णु तामाङ | सब इन्जिनियर (५ औं) | ९८४९४१२४५१ |
| १.४ | कानुनी मामिला इकाई | | | |
| | १ | करन तामाङ | न्यायिक सहजकर्ता | ९८६५९७६५५९ |
| १.५ | जिन्सी मामिला इकाई | | | |
| | १ | ईन्द्र बहादुर पाण्डे | सव ईन्जिनियर (५ औं) | ९८५११७४९८२ |
| २ | पुर्वाधार विकास तथा वातावरण ब्यबस्थापन शाखा | | | |
| | १ | ई. सुबास श्रेष्ठ | इन्जिनियर (६ औं) | ९८४१९०७६७६ |
| २.१ | सडक, सिचाई तथा अन्य पूर्वाधार बिकास इकाई | | | |
| | १ | राकेश सुनारी मगर | सव ईन्जिनियर (५ औं) | ९८४९१६५१८३ |
| | २ | धर्मानन्द मिश्र | अ-सव ईन्जिनियर (चौथो) | ९८४९२८५७२१ |
| | ३ | सुमित कुमार चौधरी | अ-सव ईन्जिनियर (चौथो) | ९७४८४९५१०० |
| | ४ | मनिष श्रेष्ठ | अ-सव ईन्जिनियर (चौथो) | ९८६७६९४६९ |
| २.२ | भवन तथा मापदण्ड कार्यान्वयन इकाई | | | |
| | १ | तेजेन्द्र यादव | अ-सव ईन्जिनियर (चौथो) | ९८४२५२३५१९ |
| २.३ | वातावरण, सरसफाई तथा विपद ब्यबस्थापन इकाई | | | |
| | १ | गणेश रोकाया | खा.प.स.टे (चौथो) | ९८४८८१०६२० |
| ३ | शिक्षा युवा तथा खेलकुद शाखा | | | |
| | १ | सिता देवी शर्मा | शिक्षा अधिकृत (६ औं) | ९८४१०७१७१९ |
| ३.१ | शिक्षा इकाई | | | |
| | १ | गोकर्ण गुरागाई | शिक्षा सहायक | ९८४१६८२१८३ |
| ३.२ | युवा तथा खेलकुद इकाई | | | |
| | १ | प्रकाश थापा | शिक्षा सहायक | ९८४३५६२७८४ |
| ४ | सामाजिक तथा आर्थिक बिकास शाखा | | | |
| ४.१ | सामाजिक सुरक्षा तथा पंजीकरण इकाई | | | |
| | १ | सुदर्शन आचार्य | सहायक कम्प्युटर अपरेटर | ९८४१४८३९१४ |
| ४.२ | महिला बालबालिका तथा समाज कल्याण इकाई | | | |
| | १ | निर्मला लामिछाने | म.बि.नि (५ औं) | ९८६०३३८४८७ |
| ४.३ | संस्कृति, पर्यटन तथा उद्यम बिकास इकाई | | | |
| | १ | अशोक कुमार थापा | उद्यम विकास सहजकर्ता | ९८४१८४५२११ |
| ५ | आर्थिक प्रशासन शाखा | | | |
| | १ | देव कुमार गिरी | लेखा अधिकृत (७ औं) | ९८४२४९४७६२ |

| | | | | |
|---|---|---|---|---|
| | २ | श्रीधर पोखरेल | लेखापाल (५ औं) | ९८५११५७३२८ |
| ५.१ | आन्तरिक लेखा परिक्षण इकाई | | | |
| | १ | जानुका कंडेल | आ.ले.प. (५ औं) | ९८४१८०७७४२ |
| ६ | कृषि बिकास शाखा | | | |
| | १ | सुदेस सुवेदी | कृषि स्नातक प्राविधिक | ९८४३४८००४० |
| | २ | विमान तामाङ | ना.प्रा.स. चौथो (कृषि) | ९८४०२७४०८१ |
| ७ | पशुपन्छी बिकास शाखा | | | |
| | १ | उमेश धिताल | प्रा.स. ५ औं (भेट) | ९८४३४५१३३३ |
| | २ | सुरज के सी | ना.प्रा.स. चौथो (भेट) | ९८४५०७०१७५ |
| | ३ | विजय के.सी | ना.प्रा.स. चौथो (भेट) | ९८६२४२७५४२ |
| ८ | सुचना प्रबिधि शाखा | | | |
| | १ | ई.निरज खतिवडा | सूचना प्रविधि अधिकृत (६ औं) | ९८६००८५४७२ |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | | |
| | १ | मंजु श्रेष्ठ | रोजगार संयोजक | ९८४९७३६६६६ |
| | २ | कुन्दन ओझा | प्राविधिक सहायक | ९८४०२७२९८५ |
| | 3 | चिरन्जिबी तामाङ | रोजगार सहायक | 9860158223 |
| १० | स्वास्थ्य शाखा | | | |
| | १ | बासुदेव श्रेष्ठ | जना स्वास्थ्य निरीक्षक (६ औं) | ९८५१०८३२२१ |
| १०.१ | स्वास्थ्य सस्थाहरु | | | |
| | १ | मछिन्द्र के.सी. | सि.अ.हे.व.अ. (राउतवेसी स्वास्थ्य चौकी) | ९८४१०४५३२३ |
| | २ | कन्चनमाला श्रेष्ठ | सि.अ.न.मी.नि (राउतवेसी स्वास्थ्य चौकी) | ९८४९६९८१८२ |
| | 3 | राम कुमार थापा | सि.अ.हे.व. (समुन्द्रटार स्वास्थ्य चौकी) | ९८५११७४३२८ |
| | ४ | सुमित्रा अधिकारी कुईकेल | सि.अ.न.मी. (बालकुमारी स्वास्थ्य चौकी) | ९८४१७४९२२९ |
| | ५ | अस्मीता श्रेष्ठ | सि.अ.न.मी. राउतवेसी स्वास्थ्य चौकी | ९८४६४३५९४३ |
| | 6 | देवका कुंवर | सि.अ.न.मी. (बालकुमारी स्वास्थ्य चौकी) | ९८४१९८३७४१ |
| | ७ | कमला कुमारी खड्का | सि.अ.न.मी. (समुन्द्रटार स्वास्थ्य चौकी) | ९८४८५०६७८३ |
| | ८ | शर्मिला कठायत | सि.अ.न.मी. (शिखरवेसी स्वास्थ्य चौकी) | ९८६०१७२३९० |
| | 9 | समिर कुमार महतो | अ.हे.व. (घ्याङफेदी स्वास्थ्य चौकी) | ९८४५२५१४२४ |
| | १० | ज्ञानेन्द्र यादव | अ.हे.व. (बालकुमारी स्वास्थ्य चौकी) | ९८४४२७९५०८ |
| | ११ | उर्मिला कुमारी वि.क. | अ.हे.व. राउतवेसी स्वास्थ्य चौकी | ९८१३५२५८१६ |

| | | | | |
|---|---|---|---|---|
| | 12 | दमोदर सापकोटा | हे.अ. (कुटुम्साङ ग्रा.सा.स्वा.ई.) | ९८४९९५७१८६ |
| | १३ | मणिराज के.सी. | हे.अ. (बेतिनी स्वास्थ्य चौकी) | ९८४०८४४४५४ |
| | १४ | बासुदेव सिटौला | अ.हे.व. (गाउँखर्क स्वास्थ्य चौकी) | ९८४१६८३६२६ |
| | 15 | शेखर जंग मल्ल | अ.हे.व. (घ्याङफेदी स्वास्थ्य चौकी) | ९७४१७४३९४३ |
| | १६ | सिद्धराज रतला | अ.हे.व. (शिखरवेसी स्वास्थ्य चौकी) | ९८६१३०१३२७ |
| | १७ | कविता घिमिरे | अ.हे.व. (नयाँ छेपार ग्रा.सा.स्वा.ई.) | ९८१८११२६६४ |
| | 18 | शौरभ के.सी. | अ.हे.व. (पुरगाउँ ग्रा.सा.स्वा.ई.) | ९८६१९०५५८२ |
| | १९ | राजेश कुमार तामाङ | अ.हे.व. (अदुवाबारी ग्रा.सा.स्वा.ई.) | ९८४०२६१७७५ |
| | २० | सुशिला तामाङ मोक्तान | अ.हे.व. (करेजुङ ग्रा.सा.स्वा.ई.) | ९८२३८०४६७८ |
| | 21 | मन बहादुर पुन | अ.हे.व. (बेतिनी स्वास्थ्य चौकी) | ९८६८२०३५५१ |
| | २२ | कपिन्द्र कठायत | अ.हे.व. (समुन्द्रटार स्वास्थ्य चौकी) | ९८४०८६८६३२ |
| | २३ | देवेन्द्र भण्डारी | अ.हे.व. (गाउँखर्क स्वास्थ्य चौकी) | ९८४३३२०८५६ |
| | 24 | बिनोद बरई | अ.हे.व. (निगाले ग्रा.सा.स्वा.ई.) | ९८६३४४२४८६ |
| | २५ | छक्क बहादुर शाही | अ.हे.व. (शिखरवेसी स्वास्थ्य चौकी) | ९७४९३२६७२९ |
| | २६ | जयन्ति सापकोटा | अ.न.मी. (गाउँखर्क स्वास्थ्य चौकी) | ९८४३७३६२७८ |
| | 27 | ईश्वरी अर्याल | अ.न.मी. (राउतवेसी स्वास्थ्य चौकी) | ९८४३६१२९३१ |
| | २८ | दुर्गा गौतम | अ.न.मी. (बेतिनी स्वास्थ्य चौकी) | ९८६६७६७८०१ |
| | २९ | मंगला थापा | अ.न.मी. (शिखरवेसी स्वास्थ्य चौकी) | ९८४३३५७०३४ |
| | 30 | प्रज्ञा ओली | अ.न.मी. (पुरगाउँ ग्रा.सा.स्वा.ई.) | ९८४८९९६२४७ |
| | ३१ | कृष्णा बिष्ट | अ.न.मी. (शिखरवेसी स्वास्थ्य चौकी) | ९८६३४७३३६१ |
| | ३२ | सर्मिला तामाङ | अ.न.मी. (गाउँखर्क स्वास्थ्य चौकी) | ९८४८९५२५३० |
| | 33 | शान्ता चौधरी | अ.न.मी. (घ्याङफेदी स्वास्थ्य चौकी) | ९८४८१९८३९९ |
| | ३४ | उमा स्याडा | अ.न.मी. (बालकुमारी स्वास्थ्य चौकी) | ९८६८४९०५९९ |
| | ३५ | प्रशंसा कुमारी चौधरी | अ.न.मी. (घ्याङफेदी स्वास्थ्य चौकी) | ९८१९९४६५६५ |
| | 36 | इन्दु कुमारी सिंह | अ.न.मी. (बेतिनी स्वास्थ्य चौकी) | ९८४२६३१८२५ |
| | ३७ | प्रतिभा श्रेष्ठ | ल्या.अ. (राउतवेसी स्वास्थ्य चौकी) | ९८६००५५८३२ |
| | ३८ | विजय लामा | ल्या.अ. (गाउँखर्क स्वास्थ्य चौकी) | ९८६५९९०२६६ |
| | 39 | निमा तामाङ | ल्या.अ. (समुन्द्रटार स्वास्थ्य चौकी) | ९८४०८४४३२९ |
| | ४० | बविता रोका मगर | ल्या.अ. (शिखरवेसी स्वास्थ्य चौकी) | ९८६९९८२६२९ |
| | ४१ | सिर्जना शाह | विद्यालय नर्स (कौकेश्वरी मा.वि.) | ९८६९३५४७८५ |
| | 42 | रोष्मा अधिकारी | विद्यालय नर्स (सरस्वती मा.वि.) | ९८४०१८०२५८ |
| | ४३ | उमादेवी न्यौपाने | बैद्य (नागरीक आरोग्य केन्द्र) | ९८४६०००२६० |

| | | | | |
|---|---|---|---|---|
| | ४४ | सलिना तामाङ | अप्टिकल फिटर (ग्रामिण आँखा क्लिनिक) | ९८४३४७९१५२ |
| | 45 | सुकमान तामाङ | का.स. (घ्याङफेदी स्वास्थ्य चौकी) | ९८४३४४२३१८ |
| | ४६ | मैत बहादुर तामाङ | का.स. (समुन्द्रटार स्वास्थ्य चौकी) | ९८४१०१३५४८ |
| | ४७ | नेमा डोल्मो तामाङ | का.स. (घ्याङफेदी स्वास्थ्य चौकी) | ९८४९३८०८८६ |
| | 48 | निमा ल्यामु तामाङ | का.स. (गाउँखर्क स्वास्थ्य चौकी) | ९८४२७५१८५१ |
| | ४९ | सानुकान्छा के.सी. | का.स. (राउतवेसी स्वास्थ्य चौकी) | ९६१६६९८२६१ |
| | ५० | सुदिप केसी | का.स. (बेतिनी स्वास्थ्य चौकी) | ९८६०८४५६२२ |
| | 51 | रिता के.सी. | का.स. (बेतिनी स्वास्थ्य चौकी) | ९८१६७०७५६३ |
| | ५२ | संगिता देवी पाण्डे | का.स. (बालकुमारी स्वास्थ्य चौकी) | ९८४३४०६२११ |
| | ५३ | कमला खतिवडा | का.स. (बालकुमारी स्वास्थ्य चौकी) | ९८४७९४४७६७ |
| | 54 | शोभा के.सी. | का.स. (निगाले ग्रा.सा.स्वा.ई.) | ९८४३७८६१२७ |
| | ५५ | शान्ता थापा | का.स. (नागरीक आरोग्य केन्द्र) | ९८६९७९६७१९ |
| | ५६ | ईश्वरी कुईकेल | का.स. (समुन्द्रटार स्वास्थ्य चौकी) | ९८६२४२७५१२ |
| | 57 | काले तामाङ | का.स. (शिखरवेसी स्वास्थ्य चौकी) | ९८०३९९१६२९ |
| | ५८ | खिल कुमारी थापा | का.स. (शिखरवेसी स्वास्थ्य चौकी) | ९६१६५९७५५९ |
| | ५९ | किन्ज्यो शेर्पा | का.स. (कुटुम्साङ ग्रा.सा.स्वा.ई.) | ९८६४६९०६५८ |
| | 60 | सोनी तामाङ | का.स. (पुरगाउँ ग्रा.सा.स्वा.ई.) | ९८१८०८४३६३ |
| **११** | **वडा कार्यालयहरु** | | | |
| | १ | जिबन पाठक | वडा सचिब वडा न १ | ९८४१५२१७९० |
| | २ | कृष्ण नापित | वडा सचिब वडा न २ | ९६११०४२४०१ |
| | ३ | राम राजा के सी | वडा सचिब वडा न ३ | ९८६५४७०५०७ |
| | ४ | तारणी दत्त पन्त | वडा सचिब वडा न ४ | ९८४८८१७०७७ |
| | ५ | सुरेश सिटौला | वडा सचिब वडा न ५ | ९८४१४०३९२२ |
| | ६ | बिष्णु प्रसाद खनाल | वडा सचिब वडा न ६ | ९८६९४१९२२७ |
| | ७ | रुद्र प्रसाद भट्टराई | वडा सचिब वडा न ७ | ९८४३४७९५३३ |
| **१२** | **अध्यक्षज्यूको सचिवालय** | | | |
| | १ | भुपेन्द्र के.सी. | सहायक चौथो | ९८६१७०७३५४ |
| **१३** | **हलुका सवारी चालक** | | | |
| | १ | राजु तामाङ | हलुका सवारी चालक | ९७६२२८५९८९ |
| | २ | सोम बहादुर तामाङ | हलुका सवारी चालक (एम्बुलेन्स) | 9742462414 |
| **१४** | **कार्यालय सहयोगी तथा सडक हेरालु** | | | |
| | १ | सुनिता तामाङ | का.स. गापा कार्यालय | ९७६६८५५८८८ |

| | | | | |
|---|---|---|---|---|
| | २ | रामकुमारी थापा | का.स. गापा कार्यालय | ९८४३८५१६७९ |
| | ३ | राम राजा कार्कि | का.स. गापा कार्यालय | ९८६६३१६१८८ |
| | ४ | कामि तामाङ | का.स. वडा न १ | ९८४०८४४३२५ |
| | ५ | शर्मिला घले | का.स वडा न २ | |
| | ६ | रमेश तामाङ | का.स. वडा न ३ | |
| | ७ | राम चन्द्र के सी | का स वडा न ४ | ९८१८६७३१३८ |
| | ८ | जित बहादुर तामाङ | का.स. वडा न ५ | ९८११०१३३७७ |
| | ९ | बिनोद थापा | का.स वडा न ६ | |
| | १० | मुकुन्द पण्डित | का.स. वडा न ७ | |
| | ११ | पूर्ण बहादुर तामाङ | सडक हेरालु | |
| | १२ | बिर बहादुर तामाङ | सडक हेरालु | ९७४२८५५७२७ |

## २.२.२ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

### २.२.१ समग्र भौतिक सम्पत्तिहरू

तालिका ५: भौतिक सम्पत्तिहरू

| क्र सं | बिवरण | इकाई | उपलब्धता |
|---|---|---|---|
| १ | भवन तथा कोठाहरू | गोटा | २० |
| २ | सवारी साधान (गाडी) | गोटा | १ |
| ३ | कम्प्युटर/ल्यापटप | गोटा | ३५ |
| ४ | डेस्कटप | गोटा | ४० |
| ५ | प्रिन्टर | गोटा | ५० |
| ६ | मोटरसाईकल | गोटा | २४ |
| ७ | एम्वुलेन्स | गोटा | १ |

### २.२.२ राजस्व शाखा र राजश्व व्यवस्थापन

तालिका ६: राजस्व शाखामा उपलब्ध पूर्वाधारहरू

| क्र सं | बिवरण | आवश्यक सङ्ख्या | उपलब्ध सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कोठा | २ | १ | |
| २ | सवारी साधन (मोटर साईकल) | १ | - | |
| ३ | कम्प्युटर | २ | १ | |
| ४ | प्रिन्टर | २ | १ | |
| ५ | राजस्व सफ्टवेयर | १ | १ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | कर्मचारी | २ | - | |

दुधेश्वर गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

## परिच्छेद - ३

## स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता

### ३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

#### ३.१.१ तहगत सरकारका राजस्व अधिकार

नेपाल सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य संरचना लागू गरेपश्चात तीन तहको सरकारको व्यवस्था गरी सोही बमोजिम तीनै तहमा राजस्व अधिकारहरू वितरण गरेको छ । नेपालको संविधानको भाग ५ अन्तर्गत धारा ५९ मा राज्यको संरचनाको व्यवस्था गरिएको छ । जहाँ राज्यको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ । राज्य शक्तिको बाँडफाँट सम्बन्धमा धारा ६० मा संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारहरूको सूचीमा निहित रहने व्यवस्था गरिएको छ । यी अनुसूचीहरूमा तीनै तहका सरकारहरूको राजस्व संकलन सम्बन्धी एकल र साझा अधिकारहरू तोकिएका छन् जसलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७: तहगत सरकारका राजस्व अधिकार

| **संघीय सरकार** | **प्रदेश सरकार** | **स्थानीय सरकार** | **साझा** |
|---|---|---|---|
| ▪ भन्सार<br>▪ अन्तः शुल्क<br>▪ मूल्य अभिवृद्धि कर<br>▪ संस्थागत आय कर<br>▪ व्यक्तिगत आय कर<br>▪ पारिश्रमिक कर<br>▪ राहदानी शुल्क<br>▪ भिसा शुल्क<br>▪ पर्यटन दस्तुर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ दण्ड जरिवाना | ▪ घरजग्गा रजिस्ट्रेसन शुल्क<br>▪ सवारी साधान कर<br>▪ मनोरञ्जन कर<br>▪ विज्ञापन कर<br>▪ पर्यटन शुल्क<br>▪ कृषि आयमा कर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ दण्ड जरिवाना | ▪ सम्पत्ति कर<br>▪ भूमिकर (मालपोत)<br>▪ घर बहाल कर<br>▪ जडिबुटी,कवाडी र जीवजन्तु कर<br>▪ मनोरञ्जन कर<br>▪ विज्ञापन कर<br>▪ पर्यटन शुल्क<br>▪ व्यवसाय कर<br>▪ सेवा शुल्क दस्तुर | ▪ सेवा शुल्क<br>▪ दस्तुर (Registration fee)<br>▪ दण्ड जरिवाना<br>▪ प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी<br>▪ पर्यटन शुल्क |

माथि उल्लिखित साझा अधिकार सूचीमा रहेका राजस्व अधिकारहरूको प्रयोग सम्बन्धमा देहायअनुसारको कानुनी व्यवस्था रहेको छः

- घरजग्गा रजिष्ट्रेसन शुल्कको निर्धारण प्रदेश सरकारले गर्ने र संकलन सम्बन्धित गाउँपालिका तथा गाउँपालिकाले गर्ने व्यवस्था रहेको तर हालसम्म प्रदेश सरकारले संकलन गरी वितरण गर्दै रहेको ।
- विज्ञापन करको दर निर्धारण र संकलन सम्बन्धित स्थानीय तहले नै गर्न सक्ने व्यवस्था गरेको ।
- पदयात्रा र पर्यटन शुल्कको दर निर्धारण र संकलन प्रदेशले गर्ने, उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा संग्रहालय जस्ता सम्पदा उपयोगको प्रबेश शुल्क सम्बन्धित स्थानीय तहले निर्धारण र संकलन गर्न सक्ने व्यवस्था रहेको ।
- ढुंगा, गिट्टी, स्लेट, बालुवा, चुनढुंगा, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र सम्बन्धित गाउँपालिकाले संकलन गर्ने व्यवस्था रहेको ।

**३.१.२ राजस्व संकलनको एकल कर प्रशासन व्यवस्था**

संविधानले व्यवस्था गरेका साझा अधिकार अन्तर्गतका कर तथा गैरकर राजस्व संकलन र व्यवस्थापनलाई मितब्ययी र प्रभावकारी तुल्याउन कानुनी व्यवस्था गरेको छ । नेपाल सरकारले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ जारी गरी उक्त ऐनको दफा ५ मा एकल कर प्रशासन सम्बन्धी व्यवस्था गरेको छ । नेपाल सरकार, प्रदेश र स्थानीय तह मध्ये कुनै दुई तहले उठाउने कर र गैरकर देहाय बमोजिम एकल कर प्रशासन लागू गर्ने व्यवस्था गरेको छः

- प्रदेशले सवारी कर उठाउँदा स्थानीय तहले सवारी करमा लगाएको कर समेत उठाउने,
- स्थानीय तहले घरजग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा प्रदेशले लगाएको घरजग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउने,
- स्थानीय तहले विज्ञापन कर उठाउँदा प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउने,
- स्थानीय तहले मनोरञ्जन कर उठाउँदा प्रदेशले लगाएको मनोरञ्जन कर समेत उठाउने,
- यसरी उठेको करको प्रशासनिक खर्चबापत बढीमा २ प्रतिशत रकम त्यस्तो कर उठाउने तहले आफ्नो सञ्चितकोषमा जम्मा गरी बाँकी रकम जुन तहको कर उठाएको हो सोही तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

### ३.१.३ संकलित राजस्वको बाँडफाँट

नेपाल सरकारले संकलन गर्ने कर तथा रोयल्टीको वितरण गर्नको लागि कानुनी व्यवस्था गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ३ मा राजस्वको बाँडफाँटको व्यवस्था गरेको छ। जसमा मूल्य अभिवृद्धि कर तथा अन्तः शुल्कको बाँडफाँट दफा ६ मा व्यवस्था गरेको छ। दफा ६ को उपदफा (२) मा उक्त कोषमा जम्मा भएको रकम मध्ये ७० प्रतिशत नेपाल सरकारलाई, १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ।

तालिका ८: मूल्य अभिवृद्धि कर र अन्तः शुल्कको बाँडफाँट

| **करका स्रोतहरू** | **संघ** | **प्रदेश** | **स्थानीय तह** |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर | ७० | १५ | १५ |
| अन्तः शुल्क | ७० | १५ | १५ |

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट सम्बन्धमा व्यवस्था गरेको छ। यसको उपदफा (२) बमोजिम संकलन भएको रोयल्टीको रकम देहायअनुसार बाँडफाँट हुने व्यवस्था छः

तालिका ९: प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट (प्रतिशतमा)

| **रोयल्टीको शीर्षकहरू** | **नेपाल सरकार** | **सम्बन्धित प्रदेश** | **सम्बन्धित स्थानीय तह** |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत् | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

साथै प्रदेश सरकारले साझा अधिकार अन्तर्गत संकलन गर्नुपर्ने देहायका कर राजस्वको बाँडफाँट र दाखिलाको लागि “कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ ” बमोजिम अनुसार व्यवस्था गरेको छः

तालिका १०: प्रदेशसँग बाँडफाँट गर्नुपर्ने कर तथा गैरकर राजस्वको व्यवस्था

| **कर तथा गैरकरका स्रोतहरू** | **संघ** | **प्रदेश** | **स्थानीय तह** |
|---|---|---|---|
| घरजग्गा रजिष्टेसन शुल्क | पुँजीगत लाभ कर | पुँजीगत लाभ कर बाहेकको रकमको ४० प्रतिशत | पुँजीगत लाभ कर बाहेकको रकमको ६० प्रतिशत |
| मनोरञ्जन कर | ० | ४० प्रतिशत | ६० प्रतिशत |
| दहत्तर बहत्तर शुल्क | ० | ४० प्रतिशत | ६० प्रतिशत |

### ३.१.४ अनुदान

राजस्व बाँडफाँटको अलवा स्थानीय तहहरूलाई विभिन्न किसिमका अनुदानहरू वितरण गर्ने व्यवस्था गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ४ मा अनुदानको व्यवस्था गरिएको छ । यसमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेशले प्रदेशभित्रका स्थानीय तहहरूलाई प्रचलित कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ । स्थानीय सरकारलाई प्राप्त हुने अनुदानहरू देहायअनुसार रहेका छन्:

क) **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट दिइने अनुदान ।

ख) **ससर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट दिइने अनुदान ।

ग) **समपूरक अनुदानः** पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट दिइने अनुदान ।

घ) **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाका लागि संघ र प्रदेशबाट दिइने अनुदान ।

### ३.१.५ वैदेशिक सहायता तथा आन्तरिक ऋण

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ५ मा वैदेशिक सहायता तथा आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरेको छ । यसको लागि देहाय अनुसारको व्यवस्था गरिएको छः

क) नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।

ख) नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।

ग) नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानुन बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेको छ ।

क) कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)।

ख) कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र।

ग) सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकाले संविधान तथा प्रचलित कानुनहरूद्वारा प्रदान गरिएका कर तथा गैरकरका क्षेत्रहरूमा स्थानीय कर तथा गैरकर व्यवस्थापनका लागि जारी गरिएको ऐन, कार्यविधि तथा आर्थिक ऐन बमोजिमका सम्भावना, करका दर र दायरा सम्बन्धी कानुनी व्यवस्था र आय संकलनको अवस्थाको लेखाजोखा गरी देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ११: राजस्व आयको सम्भाव्यता, दरको निर्धारण र संकलनको अवस्था

| क्र सं | आयको प्रकार | सम्भावना (छ/छैन) | दर निर्धारण (भएको/नभएको) | आय संकलन (भएको/नभएको) |
|---|---|---|---|---|
| क | कर तर्फ | | | |
| | भूमिकर (मालपोत) | छ | भएको | भएको |
| | सम्पत्ति कर | छ | भएको | भएको |
| | सवारी कर (टांगा, रिक्सा, अटोरिक्सा, ईरिक्सा) | छ | नभएको | नभएको |
| | घरजग्गा बहाल कर | छ | भएको | भएको |
| | व्यवसाय कर | छ | भएको | भएको |
| | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | भएको |
| | विज्ञापन कर | छ | भएको | भएको |
| | मनोरञ्जन कर | छ | भएको | नभएको |
| ख | अन्य राजस्व | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री | छ | नभएको | नभएको |
| | काठ, दाउरा, जडीबुटी, दहत्तर, बहत्तर बिक्री | छ | भएको | भएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री बापतको आय | छ | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| | नक्सा पास दस्तुर | छ | भएको | नभएको |
| | व्यक्तिगत घट्ना दर्ता विलम्ब शुल्क | छ | भएको | नभएको |
| | बहाल बिटौरी शुल्क | छ | भएको | नभएको |
| | पार्किङ शुल्क | छैन | भएको | नभएको |
| | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |
| | फोहरमैलो व्यवस्थापन शुल्क | छ | भएको | भएको |
| | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| | स्थानीय विद्युत् महसुल | छैन | नभएको | नभएको |
| | केवल कार, ट्रेकिङ, कायाकिङ, बञ्जिजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छैन | नभएको | नभएको |
| | निर्माण सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | | | |
| | खानेपानी तथा धारा | छैन | नभएको | नभएको |
| | बिजुली | छैन | नभएको | नभएको |
| | अतिथि गृह | छैन | नभएको | नभएको |
| | धर्मशाला | छैन | नभएको | नभएको |
| | पुस्तकालय | छैन | नभएको | नभएको |
| | सभागृह | छैन | नभएको | नभएको |
| | ढल निकास | छैन | नभएको | नभएको |
| | सडक बत्ती | छैन | नभएको | नभएको |
| | सौचालय | छैन | नभएको | नभएको |
| | पार्क | छैन | नभएको | नभएको |
| | पौडी पोखरी | छैन | नभएको | नभएको |
| | व्यायामशाला | छैन | नभएको | नभएको |
| | पर्यटकीय स्थल | छैन | नभएको | नभएको |
| | हाटबजार | छैन | भएको | भएको |
| | पशु बधशाला | छैन | नभएको | नभएको |
| | शव दाहन गृह | छैन | नभएको | नभएको |
| | धोबीघाट | छैन | नभएको | नभएको |
| | बसपार्क | छैन | नभएको | नभएको |
| | पुल | छैन | नभएको | नभएको |
| | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| | दर्ता अनुमति तथा नविकरण दस्तुर (एफ एम | छ | भएको | भएको |

दुधौली नगरपालिकाको राजश्व सुधार कार्ययोजना

| | | | | |
|---|---|---|---|---|
| | रेडियो सञ्चालन, विद्यालय स्थापना र स्थानीय स्तरका व्यापारिक फर्म आदि) | | | |
| | दर्ता अनुमति तथा नविकरण दस्तुर (घ वर्गको निर्माण ईजाजत) | छ | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | भएको | भएको |
| | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |

## ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

**क) सम्पत्ति कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रका घर र घरजग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था छ। सम्पति कर भन्नाले कुनै व्यक्ति वा संस्थाको नाममा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको घर र संरचनामा लगाइने कर भन्ने बुझिन्छ। संरचनाभित्र घर, टहरा, गोदाम, ग्यारेज, सेड र पर्खाल जस्तो स्थायी संरचनाहरू पर्दछन्। गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा २ र अनुसूची १ अनुसार सम्पत्ति कर घर तथा संरचना र उक्त घर तथा संरचनाले चर्चेको जग्गामा लगाउने व्यवस्था गरेको छ। घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई समेटिएको छ। गत आर्थिक वर्षसम्म एकीकृत सम्पत्ति कर तथा भुमिकर संकलन गरिएको हुँदा सम्पति कर आय अलग्गै संकलन भएको देखिँदैन।

राष्ट्रिय जनगणना २०७८ अनुसार पक्की, अर्धपक्की र कच्ची घर भएको ५,१४१ घरधुरी रहेको देखिन्छ। गाउँपालिकाको आर्थिक ऐनले तोकेको दायरा र दरको अनुमान गरी आय अनुमान गरिएको छ। घर संरचनाको किसिम अनुसार करदाताहरूको सङ्ख्याको आधारमा यस आर्थिक वर्षमा संकलन हुन सक्ने करको सम्भावना देहायअनुसार गणना गरिएको छ।

तालिका १२: सम्पत्ति कर आयको सम्भावनाको गणना

| क्र सं | करयोग्य सम्पत्तिको किसिम | औषत वार्षिक करको को दर (रु) | अनुमानित करदाता सङ्ख्या | औषत मुल्यांकन अंक (लाखमा) | अनुमानित वार्षिक आय (रु) |
|---|---|---|---|---|---|
| १ | आर सि.सि. पक्की घर (१ करोड भन्दा माथी) | १.५० | ३९ | १०० | ५,८२०,००० |
| २ | आर सि.सि. पक्की घर (५० देखी -१ करोड सम्म) | ०.५० | ११६ | ७५ | ४,३६५,००० |
| ३ | आर सि.सि. पक्की घर (२० देखी ५० लाख सम्म) | ०.२५ | १९४ | ३५ | १,६९७,५०० |
| ४ | आर सि.सि. पक्की घर (२० लाख सम्म) | ०.०५ | ३९ | २० | ३८,८०० |
| ५ | सिमेन्ट जोडाइ जस्ताको छाना (२० देखी ५० लाख सम्म) | ०.२५ | ५१६ | ५० | ६,४५०,००० |
| | सिमेन्ट जोडाइ जस्ताको छाना (१० देखी २० लाख सम्म) | ०.०५ | ५१६ | २० | ५१६,००० |
| ६ | ढुङ्गा माटाको जोडाइ कच्चि घर (१० देखी २० लाख सम्म) | ०.०५ | २,७९१ | २० | २,७९०,७५० |
| ७ | ढुङ्गा माटाको जोडाइ कच्चि घर (१० लाख सम्म) | ३००.०० | ९३० | १० | २७९,०७५ |
| ८ | लिफ्ट एक्सलेटर जडान गरेका आर सि.सि. पक्की घर | ०.०० | ० | ० | - |
| ९ | स्टिल्स फ्रेम स्टक्चर तथा फ्याब्रिक्स | ०.०० | ० | ० | - |
| | जम्मा | | ५,१४१ | | २१,९५७,१२५ |

**ख) भूमिकर (मालपोत)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ बमोजिम स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका ऐनको दफा ५५ अनुसार सम्पत्ति कर लागेको घरजग्गा बाहेकका जग्गामा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था गरिएको छ। यस गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ४ र अनुसूची ३ मा उल्लिखित जग्गाको मूल्यांकन रकम अनुसार प्रति लाख करको दर लागू भएको छ। यस करको लागि आर्थिक ऐनको अनुसूची १५ मा जग्गाको मूल्यांकन दर निर्धारण गरिएको छ। यस गाउँपालिकामा भूमिकरका लागि करयोग्य कुल कृषि तथा आवासीय भूमि ७१७८ हेक्टर रहेको छ। यस गाउँपालिकाको कुल भू-भाग को ६८.३८ प्रतिशत भू-भाग ३० डिग्रीभन्दा बढी भिरालो रहेको छ।

तालिका १३: एकीकृत सम्पत्ति कर आय संकलन प्रवृत्ति

| **आर्थिक वर्ष** | **आय रकम रु** | **वृद्धि दर प्रतिशत** |
|---|---|---|
| २०७७/७८ | १,२९०,५५४ | |
| २०७८/७९ | २,७११,१७६ | ११० |
| २०७९/८० | १,५५६,१२५ | -४३ |
| **जम्मा** | १,२९०,५५४ | |
| **औषत आय** | २,७११,१७६ | ११० |

*स्रोतः गाउँपालिकाको वार्षिक आय व्यय विवरणहरू*

**विश्लेषणः** गाउँपालिकाको एकीकृत सम्पत्ति करको वार्षिक आय हेर्दा आ. व. २०७७/७८ मा रु. १,२९०,५५४ संकलन भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा रु. २,७११,१७६ आय संकलन भएको हुँदा गत आर्थिक वर्ष भन्दा सत प्रतिशतले घटेको देखिन्छ । तर आर्थिक वर्ष २०७९/८० मा रु. १,५५६,१२५ आय भएको जुन अंक गत आर्थिक वर्षको भन्दा ४३ प्रतिशतले घटेको छ । सम्पत्ति कर गाउँपालिकाको नियमित आय स्रोतको रुपमा रहेको र राम्रो योगदान रहेको छ । गत आर्थिक वर्षहरूको आयबाट हिसाब गर्दा वार्षिक औसत आय रु २,७११,१७६ देखिन्छ ।

जग्गाको खरिद विक्री भैरहने हुँदा भूमिकरका करदाताको सङ्ख्या परिवर्तन भैरहने गर्दछ । करदाताको यही सङ्ख्यालाई आधार मानी मालपोत आयको अनुमान गरिएको छ ।

तालिका १४: भूमि कर (मालपोत) आयको सम्भावनाको गणना

| **क्र सं** | **विवरण** | **करयोग्य जमिन (रोपनी)** | **करको दर रु** | **अनुमानित आय (रु)** | **करदाता प्रतिशत** |
|---|---|---|---|---|---|
| **१** | व्यवसायिक क्षेत्रको जग्गा | ६,५२६ | २५० | १,६३१,३९८ | ५ |
| **२** | आवसीय क्षेत्रको जग्गा | २८,२७८ | १५० | ४,२४१,६३४ | २० |
| **३** | कृषि क्षेत्रको जग्गा | १०८,७६० | ३० | ३,२६२,७९५ | ७६ |
| | जम्मा | १४३,५६३ | | ९,१३५,८२७ | १०० |

### ग) घरजग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका घर जग्गा तथा अन्य संरचना बहालमा दिई आर्जन गरेको आयमा बहाल कर लगाउने व्यवस्था गरिएको छ । गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ३ र अनुसूची २ अनुसार गाउँपालिका क्षेत्रभित्र

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा घर जग्गा वहाल कर लगाउने व्यवस्था गरेको छ। विगतका आर्थिक वर्षहरूमा घरजग्गा बहाल कर संकलनमा भएको प्रगति प्रवृत्ति देहायअनुसार रहेको छः

तालिका १५: घरजग्गा बहाल आय संकलन प्रवृत्ति

| **आर्थिक वर्ष** | **आय रकम रु** | **वृद्धि दर प्रतिशत** |
|---|---|---|
| २०७७/७८ | २७५,०२६ | |
| २०७८/७९ | १६७,७५६ | -३९ |
| २०७९/८० | १,६०८,५१५ | ८५९ |
| **जम्मा** | २,०५१,२९७ | |
| **औषत आय** | ६८३,७६६ | |

*स्रोतः गाउँपालिकाको वार्षिक आय व्यय विवरणहरू*

**विश्लेषणः** यस गाउँपालिकाको गत आर्थिक वर्षहरूको आय विवरण अनुसार घर बहाल कर आय आर्थिक वर्ष २०७७/७८ मा रु २७५,०२६ भएको छ। आर्थिक वर्ष २०७८/७९ मा रु १६७,७५६ संकलन भएको छ, जुन गतको तुलनामा ३९ प्रतिशतले घटेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० जेष्ठ मसान्तसम्ममा रु १,६०८,५१५ आय संकलन भएको छ, जुन अंक गतको तुलनामा शत प्रतिशतले बढेको छ। विगत तीन वर्षको आयको वार्षिक औसत अंक रु ६८३,७६६ रहेको छ जसले गाउँपालिकाको आयमा ठूलो योगदान गरेको देखिन्छ।

यस गाउँपालिकाका बजार केन्द्रका घरहरू संस्थागत, व्यवसाय/व्यापार र घरायासी प्रयोजनका लागि बहालमा लागेको र विगतबाटै बहाल कर संकलन गरिँदै आएको हुँदा यस आयको सम्भावना गणना गरिएको छ।

तालिका १६: घरजग्गा बहाल आयको सम्भावनाको गणना

| **क्र सं** | **बहाल प्रयोजन** | **अनुमानित करदाता सङ्ख्या** | **करको दर (प्रतिशत)** | **औषत मासिक भाडा रकम रु** | **वार्षिक भाडा रकम रु** | **सम्भाव्य कर रकम रु** |
|---|---|---|---|---|---|---|
| १ | संस्थागत प्रयोजन | ११ | १० | ६,००० | ६६,००० | ६,६०० |
| २ | व्यावसायिक प्रयोजन | ८७ | १० | १०,००० | ८६७,००० | ८६,७०० |
| ३ | आवासीय प्रयोजन | १५ | १० | ४,००० | ६१,२०० | ६,१२० |
| | **जम्मा अनुमानित आय** | **११३** | | | **९९४,२००** | **९९,४२०** |

### घ) बहाल बिटौरी कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका आफुले निर्माण रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनामा बहाल विटौरी कर लगाउन सक्ने व्यवस्था रहेको छ। गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ९ अनुसार गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले निर्माण, रेखदेख वा सञ्चालन गरेका उक्त ऐनको अनुसूची-८ मा उल्लेख भए अनुसार गाउँपालिका क्षेत्रका सार्वजनिक जग्गा तथा गाउँपालिकाको स्वमित्वमा रहेका संरचना सार्वजनिक जग्गाको भाडा दर निर्धारण सम्झौता तथा बक्यौता असुली उपसमितिको सिफारिसमा गाउँ कार्यपालिकाले बहाल बिटौरी शुल्क लगाइने र संकलन गर्ने व्यवस्था छ। विगतका आर्थिक वर्षहरूमा पनि बहाल बिटौरी कर आय संकलन नगरिएको देखिन्छ।

गाउँपालिका क्षेत्रमा सार्वजनिक जग्गा तथा गाउँका संरचनाहरूको व्यक्ति र संस्थाहरूले उपयोग गरेबापत लगाइएको बहाल विटौरी करका करदाताहरू र दरको आधारमा आयको अनुमान गरिएको छ। यी संरचनाहरूमा उक्त कर संकलन गर्ने व्यवस्था भए बमोजिम बहाल बिटौरी करको आय अनुमान गरी देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १७: बहाल बिटौरी कर आय अनुमान

| क्र सं | बहालमा बस्ने क्षेत्र | सङ्ख्या | औसत जग्गा क्षेत्रफल (व. फि) | मासिक दर | वार्षिक आय रु |
|---|---|---|---|---|---|
| १ | सहायक सडकको दाँया बायाँ चैते चोक देखि समुन्द्रटार राउतवेशी गोल्फुभन्ज्याङ र समुन्द्रटार देखी रामती घ्याङफेदी सम्ममा रहेको अस्थायी पसल | ५० | ७५० | ५ | १८७,५०० |
| २ | सहायक सडकको दाँया बायाँ रहेको अन्य ऐलानि जग्गामा टहरो, कठघरा | १०० | ५०० | ४ | २००,००० |
| ३ | सहायक सडकमा जोडिने सडको दाँया बायाँ रहेको टहरो, कठघरा | ५० | ३०० | ३ | ४५,००० |
| ४ | ग्रामिण सडकको दाँया बायाँ रहेको टहरो, कठघरा | २५ | २०० | २ | १०,००० |
| ५ | मन्दिर,गुम्बा वा धार्मिक स्थलमा रहेको अस्थायी पसल | १०० | २०० | २ | ४०,००० |
| ६ | वन क्षेत्र, खालि ऐलानी जग्गा, खोलाको तिर वा बगरमा रहने पसल वा रेष्टुरेण्ट वा व्यवासाय वा घाटगद्दी आदीको | २०० | २०० | २ | ८०,००० |
| | **जम्मा** | | | | **५६२,५००** |

**ङ) व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरिएको छ। यी व्यवसायहरू सम्बन्धित निकायहरूमा दर्ता भई सञ्चालनमा रहेता पनि यस ऐन लागू भएपश्चात स्थानीय तहमा समेत दर्ता तथा नविकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम गाउँपालिकाले स्थानीय करको दायरामा ल्याएको हो । यस गाउँपालिकामा विशेष गरी दैनिक उपभोग्य सामाग्रीहरूको थोक तथा खुद्रा व्यापार, होटेल व्यवसाय, निर्माण, सञ्चार, वित्तीय सेवा, शिक्षा सेवा र अन्य विविध व्यावसायिक सेवाहरू सञ्चालनमा रहेका छन्। गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ५ र अनुसूची ४ अनुसार गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा सञ्चालन गरेबापत व्यवसायीहरूलाई स्थानीय व्यवसाय कर लागू गरिएको छ। विगतका आर्थिक वर्षहरूमा व्यवसाय करको संकलनमा भएको प्रगतिको प्रवृत्ति देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १८: व्यवसाय कर आय संकलन प्रवृत्ति

| आर्थिक वर्ष | आय रकम रु. | वृद्धि दर प्रतिशत |
|---|---|---|
| २०७७/७८ | - | |
| २०७८/७९ | १५,२५० | १०० |
| २०७९/८० | ३३,२०० | ११८ |
| **जम्मा** | ४८,४५० | |
| **औषत आय** | १६,१५० | |

*स्रोतः गाउँपालिकाको वार्षिक आय व्यय विवरणहरू*

**विश्लेषण:** विगतका आर्थिक वर्षहरूमा यस गाउँपालिकाको व्यवसाय कर आय संकलनमा भएको प्रगतिको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०७८/७९ मा रु १५२५० तथा आर्थिक वर्ष २०७९/८० मा रु ३३,२०० आय संकलन भएको देखिन्छ। व्यवसाय कर आयको वार्षिक औसत अंक न्यून रहेको छ। गाउँपालिकाको आन्तरिक राजस्वमा व्यवसाय करले राम्रो योगदान गरेको देखिन्छ।

गाउँपालिकाको सबै वडाहरूबाट संकलन गरिएका व्यवसायहरूको लगत अनुसारका व्यावसायिक प्रतिष्ठान, बैंक तथा वित्तीय संस्था, निजी विद्यालय, निजी स्वास्थ्य संस्था र गैरसरकारी संस्थाहरूको

सङ्ख्याको आधारमा व्यवसाय करको करदाता गणना गरिएको छ । यसरी गणना गरिएको सम्भावित आयलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १९: व्यवसाय कर आयको सम्भावनाको गणना

| क्र सं. | व्यवसायको किसिम | दर्ता तथा नविकरण (वार्षिक) | सङ्ख्या | अनुमानित आय (रु) |
|---|---|---|---|---|
| **व्यापारिक वस्तुहरु** | | | | |
| २ | मदिरा, वियर, कोल्ड ड्रिंक्स | २००० | १ | २००० |
| ३ | मदिरा, वियर र नास्ता, खाना सहितको होटल | ३००० | १ | ३००० |
| ४ | ज्वलरी सुन चाँदी पसल | ७००० | १ | ७००० |
| ५ | स्टेशननी तथा पुस्तक | २००० | ४ | ८००० |
| ६ | फर्निचर तथा फर्निसिङ, बेड विस्तारा निर्माण | ५००० | १ | ५००० |
| ७ | मोबाईल, घडी लगायतका इलेक्ट्रोनिक सामान | ३००० | ७ | २१००० |
| १३ | सवारी साधन, मोटर साईकल, स्कूटर र पार्टस विक्री | १०००० | २ | २०००० |
| १४ | सवानी मर्मत जीप, कार, बस ठूला सवारी मर्मत | ५००० | १ | ५००० |
| १५ | सवारी साधन मोटर साईकल, स्कुटर मर्मत | ३००० | १ | ३००० |
| १७ | गिफ्ट सप | २००० | ५ | १०००० |
| २० | एग्रोभेट, भेटिनरी | ५००० | २ | १०००० |
| २१ | अन्य पसल | ३००० | १५ | ४५००० |
| **दैनिक उपभोगजन्य पदार्थहरू** | | | | |
| २२ | कपडा पसल, फेन्सी स्टोर | ३००० | ६ | १८००० |
| २३ | खाद्यान्न किराना पसल | ५००० | ४८ | २४०००० |
| २४ | भाडा पसल | ५००० | २ | १०००० |
| २७ | कपडा सर्टिङ सुटिङ, सिलाई | ३००० | २ | ६००० |
| **निर्माण सेवा** | | | | |
| ३१ | हार्डवेयर पसल | ५००० | ३ | १५००० |
| **कृषि तथा पशुजन्य व्यवसाय** | | | | |
| ४५ | पोल्ट्री फर्म | ५००० | १ | ५००० |
| ४८ | मासु पसल, माछा पसल | ३००० | ४ | १२००० |
| ५३ | कटानी पिसानी घरेलु उद्योग | ३००० | ६ | १८००० |
| **सेवा उद्योग** | | | | |
| ५९ | स्क्रिन प्रिन्ट छाप बनाउनेलाई | ५००० | १ | ५००० |
| ६१ | फोटो स्टुडियो मात्र | ३००० | १ | ३००० |

| | | | | |
|---|---|---|---|---|
| ६३ | होटल लज सहितको | ७००० | १३ | ९१००० |
| **स्वास्थ्य सेवा** | | | | |
| ८१ | फार्मेसी, औषधी पसल | | १ | ३००० |
| **शिक्षा सेवा** | | | | |
| ८४ | मन्टेश्वरी, बाल विकास, प्ले ग्रुपको | | १ | ३००० |
| ८६ | ड्राइभिङ तालिम केन्द्र तथा अन्य प्रशिक्षण केन्द्र | ७००० | ३ | २१००० |
| **अन्य व्यवसाय** | | | | |
| ८९ | ग्रिल उद्योग | ८००० | १ | ८००० |
| | **जम्मा** | | **१३४** | **५९१,०००** |

नोटः व्यवसाय कर आय अनुमानको विस्तृत विवरण अनुसूची ६ मा हेर्नुहोस।

### च) सवारी साधन कर

गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ६ अनुसूची ५ बमोजिम सवारी साधन कर व्यवस्था गरिएको छ। यो करको संकलन कार्यमा विगतका वर्षहरूमा प्रगति भएको छैन। यस गाउँपालिकाको स्थानीय सम्भावनालाई हेरी आयको अनुमान गरिएको छ।

तालिका २०: सवारी साधन कर आयको सम्भावनाको गणना

| क्र सं | विज्ञापनको किसिम | इकाई | करको औषत दर (रु) | अनुमानित परिमाण | अनुमानित आय (रु) |
|---|---|---|---|---|---|
| १ | बस, ट्रक, लरी, तथा अन्य हेभी सवारी हरू | प्रति गोटा | २००० | १ | २,००० |
| २ | कार जीप (भाडाको) | प्रति गोटा | १००० | ७ | ७,००० |
| ३ | भाडाको टेम्पु पावर ट्रिलर | प्रति गोटा | ६०० | ० | ० |
| ४ | भाडाको माइक्रो बस | प्रति गोटा | ८०० | १३ | १०,४०० |
| ५ | निजि प्रयोजनको कार जीप | प्रति गोटा | १००० | ३५ | ३५,००० |
| ६ | मोटसाकइकल, स्कुटर | प्रति गोटा | ५०० | १०० | ५०,००० |
| ७ | ट्र्याक्टर | प्रति गोटा | १५०० | ० | ० |
| ८ | मिनिट्रक पिकअप जीप | प्रति गोटा | १५०० | ० | ० |
| ९ | अटो, मयुरी | प्रति गोटा | १००० | ११ | ११,००० |
| १० | रिक्सा, ठेला, ट्रली | प्रति गोटा | १०० | ० | ० |
| | **जम्मा अनुमानित आय** | | | | **११५,४००** |

## छ) जडिबुटी, कवाडी र जीवजन्तु कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेवापत कर लगाउने व्यवस्था गरिएको छ। गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ६ र अनुसूची ५ अनुसार जडिबुटी, कवाडी र जीवजन्तुका हाड, सिंग, प्वाँख आदिको व्यावसायिक कारोबार गरेवापत कर लगाउने व्यवस्था गरेको छ। यो करको संकलन कार्यमा विगतका वर्षहरूमा भएका आय माथिकै शीर्षकमा समावेस गरिएको छ।

तालिका २१: जडिबटी कवाडी तथा जीवजन्तु कर आय संकलन प्रवृत्ति

| आर्थिक वर्ष | आय रकम रु | वृद्धि दर प्रतिशत |
|---|---|---|
| २०७७/७८ | १३७,२२० | |
| २०७८/७९ | - | -१०० |
| २०७९/८० | - | -० |
| **जम्मा आय** | १३७,२२० | |
| **औषत वार्षिक आय** | ४५,७४० | |

*स्रोतः गाउँपालिकाको वार्षिक आय व्यय विवरणहरू*

**विश्लेषणः** विगतका आर्थिक वर्षहरूमा यस गाउँपालिकाको जडिबुटी कवाडी र जीवजन्तु कर आय संकलनमा भएको प्रगतिको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/७८ मा रु १३७,२२० आय संकलन भएको देखिन्छ। त्यस बाहेक अन्य आर्थिक वर्षहरुमा संकलन नभएको देखिन्छ।

स्थानीय सम्भावनालाई हेरी यस क्षेत्रमा हुन सक्ने आयको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका २२: जडिबुटी, कवाडी र जीवजन्तु कर आयको सम्भावनाको गणना

| क्र सं | विवरण | इकाई | परिमाण | दर | अनुमानित आय रु. |
|---|---|---|---|---|---|
| १ | अल्लो सपाट लगायत रेशादार जडिबुटी | के.जी | १२०० | १५.० | १८००० |
| २ | च्याउजन्य जडिबुटी व्यापार | के.जी | १५०० | १५.० | २२५०० |
| ३ | सल्ले खोटो व्यवसाय | के.जी | ५००० | २०.० | १००००० |
| ४ | उन व्यवसाय | के.जी | २५०० | २०.० | ५०००० |
| ५ | प्लाष्टिक, जुट, कार्पेट, कवाडी सामान | के.जी | ३,५०० | १.० | ३५०० |
| ६ | खालि सिसी | गोटा | १५००० | ०.५ | ७५०० |
| ७ | अन्य कवाडी सबै | के.जी | १२५०० | २.० | २५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | भैसी गाँउपालिका बाट निकासी तथा विक्री हुदा प्रति पटक | गोटा | १०० | ५०० | ५0000 |
| ९ | खसी, बोका, च्याङ्ग्रा, च्यालुक आदि विक्री प्रति पटक | गोटा | ५०० | १० | ५000 |
| १० | कुखुरा, कालिज, हाँस आदि (चल्ला बाहेक) प्रति पटक | गोटा | ५००० | १ | ५000 |
| ११ | प्रचलित कानुनले निषेध गरेबाहेकका मरेका वा मारिएका पशुका हाड, सिंग, खुर आदि | के जी | २५० | ५ | १२५0 |
| १२ | प्रचलित कानुनले निषेध गरेबाहेकका मरेका वा मारिएका पशुका छाला ( ठुलो) | के जी | ३५० | २२ | ७७00 |
| १३ | प्रचलित कानुनले निषेध गरेबाहेकका मरेका वा मारिएका पशुका छाला (सानो ) | के जी | ५०० | १५ | ७५00 |
| | **जम्मा आय** | | | | **३0२,९५0** |

**ज) विज्ञापन कर**

बागमती प्रदेशको कर तथा गैरकर सम्बन्धी ऐन, २०७४ को दफा १२ (१) बमोजिम सम्बन्धित स्थानीय तहको क्षेत्रभित्र विज्ञापन सामाग्री राखेबापत विज्ञापन कर लगाउने र उठाउने व्यवस्था गरिएको छ। यस गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ७ र अनुसूची ६ अनुसार गाउँपालिका क्षेत्रमा विभिन्न व्यावसायिक विज्ञापनका कार्यहरू गर्ने व्यक्ति तथा संस्थाहरूलाई विज्ञापन कर लगाउने व्यवस्था छ। यो करको संकलन कार्यमा विगतका वर्षहरूमा प्रगति भएको छैन। विगतका आर्थिक वर्षहरूमा विज्ञापन करबाट प्राप्त भएको आयको प्रवृत्ति देहायअनुसार प्रस्तुत गरिएको छः

यस गाउँपालिकामा केही बजार केन्द्रहरू बाहेक अन्य भागमा ग्रामीण क्षेत्रको बाहुल्यता रहेकोले विज्ञापन कर संकलनका सम्भावना कम रहेको हुँदा स्थानीय विज्ञहरूको सुझावको आधारमा सम्भाव्यताको सामान्य सिद्धान्त अनुसार राजस्व रकम गणना गरिएको छ।

तालिका २३: विज्ञापन कर आयको सम्भावनाको गणना

| क्र सं | विज्ञापनको किसिम | इकाई | करको औषत दर (रु) | अनुमानित परिमाण | अनुमानित आय (रु) | पालिकाको आय ६०% |
|---|---|---|---|---|---|---|
| १ | विद्युतीय डिजिटल/ डिस्प्ले/ स्क्रिन बोर्ड | वर्ग फिट | १०० | १२५० | १२५,००० | ७५,००० |
| २ | होडीङ बोर्ड/ नियोन साइन बोर्ड/ अन्य लाइट बोर्ड | वर्ग फिट | ५० | २००० | १००,००० | ६०,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | भित्ते लेखन/वाल तथा सर्टर पेन्टिङ | वर्ग फिट | २० | ३००० | ६०,००० | ३६,००० |
| ४ | व्यावसायिक व्यानर/फ्लेक्स (हप्ता) | वर्ग फिट | ५ | ५०० | २,५०० | १,५०० |
| ५ | माइकिङ , प्रचार | प्रति दिन | १०० | २०० | २०,००० | १२,००० |
| ६ | अस्थायी गेट निर्माण | प्रति गेट | २०० | २०० | ४०,००० | २४,००० |
| | **जम्मा अनुमानित आय** | | | | **३४७,५००** | **२०८,५००** |

**झ) मनोरञ्जन कर**

बागमती प्रदेशको कर तथा गैरकर सम्बन्धी ऐन, २०७४ को दफा १२ (१) बमोजिम सम्बन्धित स्थानीय तहको क्षेत्रभित्र मनोरञ्जन कार्यक्रम गरेबापत लगाउने र उठाउने व्यवस्था गरिएको छ । यस गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा ८ र अनुसूची ७ अनुसार गाउँपालिका क्षेत्रमा विभिन्न व्यावसायिक विज्ञापनका कार्यहरू गर्ने व्यक्ति तथा संस्थाहरूलाई विज्ञापन कर लगाउने व्यवस्था छ । यो करको संकलन कार्यमा विगतका वर्षहरूमा प्रगति भएको छैन । विगतका आर्थिक वर्षहरूमा विज्ञापन करबाट प्राप्त भएको आयको प्रवृत्ति देहायअनुसार प्रस्तुत गरिएको छः

यस गाउँपालिकामा केही बजार केन्द्रहरू बाहेक अन्य भागमा ग्रामीण क्षेत्रको बाहुल्यता रहेकोले विज्ञापन कर संकलनका सम्भावना कम रहेको हुँदा स्थानीय विज्ञहरूको सुझावको आधारमा सम्भाव्यताको सामान्य सिद्धान्त अनुसार राजस्व रकम गणना गरिएको छ ।

तालिका २४: विज्ञापन कर आयको सम्भावनाको गणना

| क्र सं | विज्ञापनको किसिम | इकाई | करको औषत दर (रु) | अनुमानित परिमाण | अनुमानित आय (रु) | पालिकाको आय ६०% |
|---|---|---|---|---|---|---|
| १ | विद्युतीय डिजिटल/ डिस्प्ले/ स्क्रिन बोर्ड | वर्ग फिट | १०० | १२५० | १२५,००० | ७५,००० |
| २ | होडीङ बोर्ड/ नियोन साइन बोर्ड/ अन्य लाइट बोर्ड | वर्ग फिट | ५० | २००० | १००,००० | ६०,००० |
| ३ | भित्ते लेखन/वाल तथा सर्टर पेन्टिङ | वर्ग फिट | २० | ३००० | ६०,००० | ३६,००० |
| ४ | व्यावसायिक व्यानर/फ्लेक्स | वर्ग | ५ | ५०० | २,५०० | १,५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (हप्ता) | फिट | | | | |
| ५ | माइकिङ , प्रचार | प्रति दिन | १०० | २०० | २०,००० | १२,००० |
| ६ | अस्थायी गेट निर्माण | प्रति गेट | २०० | २०० | ४०,००० | २४,००० |
| | **जम्मा अनुमानित आय** | | | | **३४७,५००** | **२०८,५००** |

### ३.३.२ गैर कर राजश्व

यस गाउँपालिकाको आर्थिक ऐन २०८० मा व्यवस्था भएका गैरकर राजस्वहरूको आय सम्भावना गणना देहायअनुसार गरिएको छः

### क) सवारी पार्किङ शुल्क

यस गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ९ अनुसूची ८ बमोजिम गाउँपालिकाले पार्किङ सुविधा उपलब्ध गराएर शुल्क लिन सक्ने व्यवस्था छ । समुन्द्रटारबजार क्षेत्रमा व्यवस्थित पार्किङको आवश्यकता देखिएको छ । समुन्द्रटारबजार क्षेत्रमा २ वटा पार्किङ स्थलको व्यवस्था गर्नुपर्ने आवश्यकता रहेकोले उक्त व्यवस्था गरी आयको सम्भावना रहेको छ । तर हालसम्म सवारी पार्किङको व्यवस्था तथा आय संकलन गरिएको छैन । बजार क्षेत्रमा रहेको सवारी चापलाई मध्यनजर गरी न्यूनतम् सङ्ख्या अनुमान गरिएको छ । यसकारण सवारी पार्किङ सेवाको सम्भावनाहरू सम्बन्धमा छलफल गरी देहायअनुसार सम्भावनाको गणना गरिएको छ ।

तालिका २५: सवारी पार्किङ शुल्क आयको सम्भावनाको गणना

| क्र सं | सवारीको किसिम | अनुमानित परिमाण | पार्किङ सङ्ख्या | पार्किङ शूल्क प्रति दिन (रु) | अनुमानित आय (रु) |
|---|---|---|---|---|---|
| १ | बस, ट्रक,मिनिबस, हेभी गाडी | १०० | २ | १०० | २०,००० |
| २ | ट्रिपर मिनि ट्रक | १५० | १० | ७५ | ११२,५०० |
| ३ | पिकअप, माइक्रो, भ्यान, कार, जिप, भ्यान, ट्याक्सी | १०० | ५ | ५० | २५,००० |
| ४ | मोटर साईकल र स्कुटर, पावर ट्रिलर | १२० | १० | ३० | ३६,००० |
| | जम्मा आय रकम | | | | १९३,५०० |

**ख) घर नक्सा पास दस्तुर**

यस गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ९ अनुसूची ८ मा घर नक्सा पास गर्ने सेवा उपलब्ध गराई सोको दस्तुर संकलन गर्ने व्यवस्था गरिएको छ। यो सेवा स्थानीय नागरिकहरूले घर बनाउने र पुराना घर नियमित गर्ने क्रममा एक पटक मात्र लिने भएकोले यस शीर्षकमा हुने आयको सम्भावना स्थिर र बढोत्तरी हुने नभई सामान्यतः उतार चढाव हुने गर्दछ। घर नक्सा पास दस्तुरवाट विगतका वर्षहरूमा भएको आयको प्रस्तुत देहायको तालिकाबाट गरिएको छः

तालिका २६: घरनक्सा पास दस्तुर संकलन प्रगति प्रवृत्ति

| **आर्थिक वर्ष** | **आय रकम रु** | **वृद्धि दर प्रतिशत** |
|---|---|---|
| २०७७/७८ | १०८,६१२ | |
| २०७८/७९ | ७६,८४५ | -२९ |
| २०७९/८० | १३,९२५ | -८२ |
| **जम्मा** | १९९,३८३ | |
| **औषत आय** | ६६,४६१ | |

*स्रोतः गाउँपालिकाको वार्षिक आय व्यय विवरणहरू*

**विश्लेषण:** गाउँपालिकाको वार्षिक आय विवरण हेर्दा घरनक्सा पास दस्तुर आय आर्थिक वर्ष २०७७/७८ मा रु १०८,६१२आय संकलन भएको थियो। आ. व. २०७८/७९ मा रु ७६,८४५ आय संकलन भएको थियो। यो अंक गतको भन्दा २९ प्रतिशतले घटेको थियो। आ. व. २०७९/८० मा रु १३,९२५ आय संकलन भएको छ। यो अंक गतको भन्दा ८२ प्रतिशतले घटेको भएको छ। यस क्षेत्रको आयको वार्षिक औसत अंक रु. ६६,४६१ रहेको छ। गाउँपालिकाको आन्तरिक राजस्वमा यस आयले सामान्य योगदान गरेको अवस्था देखिन्छ।

घरनक्सा शाखाबाट विगत तीन वर्षको घरनक्सा पास भएको तथ्यांक लिई सोही आधारमा औषत सङ्ख्यामा आय अनुमा गरिएको छ। त्यसैगरी पुराना घरहरू अभिलेखीकरण गर्न कार्य प्रत्येक आर्थिक वर्षमा प्रति वडा कम्तीमा पक्की घरहरू ४० वटा र कच्ची घरहरू कम्तीमा २०० वटा अभिलेखीकरण गर्ने लक्ष्य लिई आयको अनुमान गरिएको छ।

तालिका २७: घर नक्सा पास दस्तुर आयको सम्भावनाको गणना

| **क्र. सं** | **विवरण** | **गोटा** | **औषत गणनायोग्य क्षेत्रफल वर्ग फिट** | **औषत कर दर (रु) प्रति वर्ग फिट** | **अनुमानित आय (रु)** |
|---|---|---|---|---|---|
| १ | आर सी. सि. मल्टिफ्लेकस व्यवसायिक भवन लिफ्ट जडान भएको | ५ | ३,५०० | ८ | १४०००० |
| २ | आर सी. सि. सिमेन्टमा जोडाइ भएको व्यवसायिक घर | १५ | ३,००० | ७ | ३१५००० |
| ३ | आर सी. सि. सिमेन्टमा जोडाइ भएको आवासिय घर | ४० | २,५०० | ६ | ६००००० |
| ४ | जस्ता वा अन्य  छाना भएको पक्की इट्टा, ढुङ्गामा सिमेन्टको जोडाइ भएको घर | ७५ | १,५०० | ४ | ४५०००० |
| ५ | माटाको जडाइमा भएको  इट्टा, ढुङ्गाको गारो वा आर वि सी निर्माण | ५० | १,००० | ३ | १५०००० |
| ६ | घर नक्सा अभिलेखीकरण - पक्की | ४० | १,००० | २ | ८०००० |
| ७ | घर नक्सा अभिलेखीकरण - कच्ची | २०० | ५०० | २ | २००००० |
| ८ | अस्थाइ घर निर्माण (खपडा, फुस, छाना, फ्लास्टिक) | ५० | १५० | प्रति घर | ७५०० |
| ९ | नक्सा पासको किताब | १८५ | १,००० | प्रति घर | १८५००० |
| १० | घरको नक्सा प्रतिलिपि दस्तुर | १८५ | ४०० | प्रति घर | ७४००० |
| ११ | ले आउट स्तुर प्रति घर | १८५ | ४०० | प्रति घर | ७४००० |
| १२ | घर सम्पन्न निरिक्षण दस्तुर | १८५ | ४०० | प्रति घर | ७४००० |
| १३ | निर्माण सम्पन्न दस्तुर | १८५ | २,००० | प्रति घर | ३७०००० |
| १४ | ५ रोपनी सम्मको प्रतीप्लट (कित्ता/पटक) | ५० | ५०० | (कित्ता/पटक) | २५००० |
| १५ | ५ -१० रोपनी सम्मको प्रतीप्लट (कित्ता/पटक) | ० | १,००० | (कित्ता/पटक) | ० |
| १६ | १० रोपनी माथिको प्रतीप्लट (कित्ता/पटक) | ० | १,५०० | (कित्ता/पटक) | ० |
| | **जम्मा आय** | | | | २७४४५०० |

### ग) सिफारिस दस्तुर

यस गाउँपालिकाको  आर्थिक ऐन २०८० को दफा ९ अनुसूची ८ मा उल्लिखित सिफारिस सम्बन्धी सेवा उपलब्ध गराउने र सोबापत दस्तुर संकलन गर्ने व्यवस्था गरिएको छ । यो क्षेत्र गाउँपालिकाको  मुख्य

जिम्मेवारी र आयको क्षेत्र पनि हो । यसको विगतका वर्षहरूमा भएको आय संकलनको प्रगति प्रवृत्ति देहायअनुसार दिइएको छः

तालिका २८: सिफारिस दस्तुर आयको प्रगति प्रवृत्ति

| आर्थिक वर्ष | आय रकम रु | वृद्धि दर प्रतिशत |
|---|---|---|
| २०७७/७८ | १८५,७६५ | |
| २०७८/७९ | २५४,११० | ३७ |
| २०७९/८० | २८२,५७० | ११ |
| **जम्मा** | ७२२,४४५ | |
| **औषत आय** | २४०,८१५ | |

*स्रोतः गाउँपालिकाको वार्षिक आय व्यय विवरणहरू*

**विश्लेषणः** यस गाउँपालिकाको विगतका तीन आर्थिक वर्षहरूमा प्राप्त भएका सफारिस दस्तुर आयको तुलनात्मक अध्ययन गरिएको छ । आर्थिक वर्ष २०७७/७८ मा सिफारिस दस्तुरवाट रु १८५,७६५ आय संकलन भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा यो क्षेत्रको आय रु २५४,११० संकलन भएको थियो, जुन गतको भन्दा ३७ प्रतिशत बढेको छ । यस्तै आर्थिक वर्ष २०७९/८० मा यस क्षेत्रको आय रु २८२,५७० भएको छ, जुन गतको भन्दा ११ प्रतिशतले बढेको देखिन्छ। विगतका आर्थिक वर्षहरूको आयवाट औसत वार्षिक आयको हिसाव गर्दा औसत आय रकम रु २४०,८१५ देखिएको छ। विगतको आयको प्रवृत्तिलाई विश्लेषण गर्दा सिफारिस दस्तुरले आन्तरिक आयमा राम्रो योगदान गरेको देखिन्छ।

सिफारिस दस्तुर आय स्थायी प्रकृतिको होइन। नागरिकहरूलाई कुनै विषयमा सिफारिस वा प्रमाणित गर्ने कागाजातको जरुरी परेमा मात्र यो दस्तुर प्राप्त हुन्छ। तर यस क्षेत्रको आय भने सुन्य प्राय चाहिँ हुँदैन। यस आयको अनुमानको आधार नै विगतका वर्षहरूको आयको प्रवृत्ति हो । यही आधारमा आयको अनुमान देहायअनुसार गरिएको छः

तालिका २९: सिफारिस दस्तुर आयको सम्भावनाको गणना

| क्र सं | विवरण | गोटा | औषत दर रु. | अनुमानित आय रु. |
|---|---|---|---|---|
| १ | घरजग्गा नामसारी दस्तुर | ७७१ | ३०० | २३१३४५ |
| २ | घरजग्गा कायम दस्तुर | २५७ | १००० | २५७०५० |

| | | | | |
|---|---|---|---|---|
| ३ | छात्रवृति सिफारिस (बैदेशिक) | १५ | १००० | १५००० |
| ४ | अस्थाइ बसोबास सीफारीस | ३० | ५०० | १५००० |
| ५ | स्थाइ बसोबास सीफारीस | १०० | १००० | १००००० |
| ६ | बैदेशिक प्रयोजनका लागी विभिन्न सिफारिस | ३५० | ५०० | १७५००० |
| ७ | विद्युत जडान सिफारिस | ५०० | १०० | ५०००० |
| ८ | उपभोक्ता समिति टोल सुधार समिति दर्ता | १५ | १००० | १५००० |
| ९ | योजना कार्यक्रम शुल्क | २० | ५०० | १०००० |
| १० | होडिङ बोर्ड शुल्क | १० | ५०० | ५००० |
| ८ | अन्य सिफारिस | ५०० | | |
| | जम्मा आय | | | ८७३३९५ |

**घ) व्यक्तिगत घट्ना दर्ता दस्तुर**

यस गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ९ अनुसूची ८ मा व्यक्तिगत घट्ना दर्ता दस्तुर संकलन गर्ने व्यवस्था गरिएको छ। व्यक्तिगत घट्ना दर्ता विलम्ब शुल्क भएकोले यो स्थायी आय होइन । यसको विगतका तीन वर्षहरूमा भएको आय संकलनको प्रगति प्रवृत्ति देहायअनुसार दिइएको छः

तालिका ३०: व्यक्तिगत घट्ना दर्ता दस्तुर आयको प्रगति प्रवृत्ति

| **आर्थिक वर्ष** | **आय रकम रु** | **वृद्धि दर प्रतिशत** |
|---|---|---|
| २०७७/७८ | ३७,५२० | |
| २०७८/७९ | ७९,३०० | १११ |
| २०७९/८० | १६७,४०० | १११ |
| **जम्मा** | २८४,२२० | |
| **औषत आय** | ९४,७४० | |

*स्रोतः गाउँपालिकाको वार्षिक आय व्यय विवरणहरू*

**विश्लेषणः** यस गाउँपालिकाको विगतको आर्थिक वर्षहरूमा व्यक्तिगत घट्ना दर्ता दस्तुर आयमा भएको प्रगतिको अवस्थालाई हेर्दा आन्तरिक आयको सामान्य हिस्सा ओगटेको देखिन्छ। आर्थिक वर्ष २०७७/७७ मा ३७,५२० र २०७८/७९ मा ७९,३०० आय संकलन भएको देखिन्छ। आर्थिक वर्ष

२०७९/८० मा यो क्षेत्रको आय रु १६७,४०० संकलन भएको थियो। विगत तीन वर्षको व्यक्तिगत घटना दर्ताको प्रवृत्ति हेरी सङ्ख्या र आयको अनुमान गरिएको छ।

तालिका ३१: व्यक्तिगत घट्ना दर्ता आयको सम्भावनाको गणना

| क्र. सं. | विवरण | गोटा | शुल्क दर रु | अनुमानित आय रु |
|---|---|---|---|---|
| १ | जन्म दर्ता (विलम्ब) | ५१९ | २२० | १,१४,१८० |
| २ | मृत्यु दर्ता | १७१ | २२० | ३७,६२० |
| ३ | विवाह दर्ता | २२५ | २२० | ४९,५०० |
| ४ | बसाइ सरी आउने | २०० | २२० | ४४,००० |
| ५ | बसाइ सरी जाने | ३१० | २२० | ६८,२०० |
| ६ | सम्बन्ध विच्छेद | ३४ | २२० | ७,४८० |
| ७ | घट्ना दर्ता प्रतिलिपी | १०० | ५५० | ५५,००० |
| | जम्मा | १,५५९ | | ३,७५,९८० |

**ङ) नाता प्रमाणित दस्तुर**

यस गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा ९ अनुसूची ८ सेवा शुल्क तथा दस्तुर अन्तर्गत नाता प्रमाणित दस्तुर संकलन गर्ने व्यवस्था गरिएको छ। यसको विगतका वर्षहरूमा भएको आय संकलनको प्रगति प्रवृत्ति देहायअनुसार दिइएको छः

तालिका ३२: नाता प्रमाणित दस्तुर आयको प्रगति प्रवृत्ति

| आर्थिक वर्ष | आय रकम रु | वृद्धि दर प्रतिशत |
|---|---|---|
| २०७७/७८ | १,९०० | |
| २०७८/७९ | १,६०० | -१६ |
| २०७९/८० | ६८,१०० | ४१५६ |
| **जम्मा** | ७१,६०० | |
| **औषत आय** | २३,८६७ | |

*स्रोतः गाउँपालिकाको वार्षिक आय व्यय विवरणहरू*

**विश्लेषणः** यस गाउँपालिकाको विगतको आर्थिक वर्षहरूमा नाता प्रमाणित दस्तुर आयमा भएको प्रगतिको अवस्थालाई हेर्दा आन्तरिक आयको अति न्यून हिस्सा ओगटेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा आय संकलन १९०० र १६०० भएको देखिएको छ। आर्थिक वर्ष २०७९/८० मा यो क्षेत्रको आय रु ७१,६०० संकलन भएको देखिन्छ।

विगतको आयको प्रवृत्ति हेरी आगामी तीन वर्षको आयको अनुमान गरिएको छ। नाता प्रमाणित दस्तुरको आय संकलन सम्भावना गणना देहायको तालिकामा दिइएको छ।

तालिका ३३: नाता प्रमाणित दस्तुर आयको सम्भावनाको गणना

| विवरण | गोटा | प्रस्तावित दर रु. | अनुमानित आय रु |
|---|---|---|---|
| नाता प्रमाणित | ३५० | २५० | ८७,५०० |
| **जम्मा आय** | | | ८७,५०० |

## च) सामुदायिक वनबाट आय

यस गाउँपालिकाको कुल भूमिको २६.६० प्रतिशत क्षेत्र वनले ढाकेको छ। यस गाउँपालिकाको भूगोल भित्र पर्ने र २० वटा सामुदायिक वन, थुप्रै व्यक्तिगत वन र अन्य सरकारी वन रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) उपदफा (२) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चितकोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। सामुदायिक वनको सङ्ख्या र वन पैदावार बिक्रीको औषत वार्षिक आयको आधारमा उक्त शीर्षकमा आयको अनुमान गरिएको छः

तालिका ३४: सामुदायिक वनबाट आयको सम्भावनाको गणना

| क्र सं | विवरण | सङ्ख्या | औषत आय रु | सामुदायिक वनको कुल आय | प्रस्तावित दर (प्रतिशत) | अनुमानित आय रु |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन आय | २० | ५०,००० | २,१००,००० | १० | २,१०,००० |
| | जम्मा आय | | | | | २,१०,००० |

## छ) प्राकृतिक श्रोत साधान बिक्री तथा निकासी दस्तुर

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (६) तथा अन्य प्रचलित कानुनबमोजिम गाउँपालिकाले आफ्नो आर्थिक ऐनमा व्यवस्था गरी आफ्नो क्षेत्रभित्र रहेका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, पुरुवा आदि), व्यक्तिगत तथा सरकारी प्रति जग्गा माटो, वन पैदावर, सार्वजानिक पोखरी, बगैंचा, उत्पादन, दहत्तर बहत्तर आदि उपयोग गरे बापत तोकिएको दरमा विक्री तथा निकासी शुल्क लगाउन पाउने व्यवस्था छ। यस गाउँपालिकाका सूर्यमती , चन्द्रामती आदि खोलाहरूमा नदीजन्य पदार्थहरू

दुध्कोशी गाउँपालिका राजस्व सुधार कार्ययोजना

बगेर आउने सम्भावना रहेको हुँदा यो स्रोत स्थायी र नियमित प्रकृतिको रहेको छ । विगतका आर्थिक वर्षहरूमा यस क्षेत्रमा भएको आय संकलनको प्रगति प्रवृत्ति विश्लेषण देहायको तालिकामा प्रस्तुत गरिएको छः

गाउँपालिकाले दहत्तर बहत्तर उत्खनन् र विक्री गर्नको लागि प्रारम्भिक वातावरण परीक्षण (IEE) गरी उक्त परीक्षणबाट सिफारिस सूर्यमति (तादी) नदीमा भएका विभिन्न क्षेत्रहरू क्षेत्रमा जम्मा २,१५७,७३८ घन फिट उत्खनन् र विक्री गर्न मिल्ने परिमाण तोकिएको आधारमा आयको अनुमान गरिएको छ ।

| क्र सं | विवरण | परिमाण/रकम रु |
|---|---|---|
| १ | ढुंगा गिट्टी बालुवा आदि उत्खनन् आयतन (घन फिट) | २,१५७,७३८ |
| २ | राजस्व दर/घन फिट | ९ |
| ३ | अनुमानित आय (रु) | १९,४१९,६४२ |
| ४ | मूल्य अभिवृद्धि कर (१३%) | २,५२४,५५३ |
| ५ | मूल्य अभिवृद्धि कर पछिको आय | १६,८९५,०८९ |
| ६ | प्रदेशको अंश (४०%) | ६,७५८,०३५ |
| ७ | खुद आय (६०%) | १०,१३७,०५३ |

तालिका ४२: प्राकृतिक स्रोत साधान उपयोग तथा बिक्री आयको सम्भावना गणना

**ज) अन्य दस्तुर**

यस गाउँपालिकाको आर्थिक ऐन २०८० मा फुटकर शीर्षकहरूको व्यवस्था गरिएको छैन । तर गत आर्थिक वर्षहरूमा यस शीर्षकमा आय संकलन भएको छ । गत आर्थिक वर्षहरूमा भएको आयको प्रवृति देहायको तालिकामा दिइएको छः

तालिका ३५: अन्य दस्तुर आयको प्रगति प्रवृत्ति

| आर्थिक वर्ष | आय रकम रु | वृद्धि दर प्रतिशत |
|---|---|---|
| २०७७/७८ | ३३३,४९२ | |
| २०७८/७९ | ८१४,०५१ | १४४ |
| २०७९/८० | १११,७०० | -८६ |
| **जम्मा** | १,२५९,२४३ | |
| **औषत आय** | ४१९,७४८ | |

**विश्लेषणः** यस गाउँपालिकाको विगतको आर्थिक वर्षहरूमा अन्य दस्तुर आयमा भएको प्रगतिको अवस्थालाई विश्लेषण गरिएको छ । आर्थिक वर्ष २०७७/७८ मा यो शीर्षक अन्तरगत रु ३३३,४९२ आय भएको छ । आर्थिक वर्ष २०७८/७९ मा यो क्षेत्रको आय रु ८१४,०५१ संकलन भएको हुँदा गतको भन्दा

शत प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा यो शीर्षक अन्तरगत रु १११,७०० आय भएको छ जुन गतको भन्दा ८६ प्रतिशतले आय घटेको देखिन्छ। विगत आर्थिक वर्षहरूको आयवाट औसत वार्षिक आयको हिसाव गर्दा औसत आय रकम रु ४१९,७४८ देखिएको छ।

गाउँपालिकाले प्रदान गर्नुपर्ने फुटकर सेवाहरू बापत लिइने शुल्क तथा दस्तुरको आय अनुमान गरिएको छ। सेवाग्राहीहरूका लागि अनुसूची फारमहरू बिक्री, राजपत्र, गाउँ प्रोफाईल बिक्री र सरसफाई सेवा उपलब्ध गराएर शुल्क लिन सक्ने व्यवस्था छ। यी सेवाहरू बापत संकलन गरिने शुल्कहरूलाई अन्य दस्तुर अन्तर्गत राखी गरी देहायअनुसार सम्भावनाको गणना गरिएको छ।

तालिका ३६: अन्य दस्तुर आयको सम्भावनाको गणना

| क्र सं | विवरण | गोटा | शुल्क दर रु | अनुमानित आय रु |
|---|---|---|---|---|
| १ | अनुसूची फारम/निवेदन | १००० | २० | २०,००० |
| २ | जग्गा नापी दस्तुर | १०० | १,००० | १,००,००० |
| ३ | कम्पनी सूचीकरण दस्तुर | १०० | ७०० | ७०,००० |
| ४ | फोहोरमैला कार्ड | ४००० | ५० | २,००,००० |
| ५ | परीक्षा फारम शुल्क | १०० | १,००० | १,००,००० |
| ६ | कोटेशन फारम शुल्क | १०० | १,००० | १,००,००० |
| ७ | टेण्डर फारम शुल्क | १०० | १,००० | १,००,००० |
| ८ | निवेदन नक्कल उतार (प्रति पाना) | १०० | २० | २,००० |
| ९ | घर निर्माण नक्शाको नक्कल दस्तुर | ५० | ५०० | २५,००० |
| १० | राजपत्र बिक्री (प्रति राजपत्र) | ५० | १०० | ५,००० |
| ११ | गाउँपालिका प्रोफाइल (संस्थागत) | ५० | ५०० | ५०,००० |
| १२ | गाउँपालिका प्रोफाइल (व्यक्तिगत) | ५० | १०० | ५०,०० |
| | जम्मा | | | ५,२२,००० |

**झ) प्रशासनिक दण्ड जरिवाना र जफत**

गाउँपालिकाको आर्थिक ऐन २०८० मा प्रशासनिक दण्ड जरिवाना र जफतको व्यवस्था गरिएको छैन तर राजस्वका भुक्तानी विलम्ब शुल्कहरूको व्यवस्था रहेको छ। स्थानीय तह तथा अन्य सरकारका प्रचलित कानुन अनुसार तिर्नु बुझाउनु पर्ने विवरण र रकम नतिरे नबुझाएमा, कर तिर्ने समयको परिपालन नगरेमा, स्थानीय प्राकृतिक वा अन्य वस्तुको चोरी, निकासी, पैठारी जस्ता गैरकानुनी कार्य गरेमा प्रशासनिक दण्ड जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ। व्यक्ति वा संस्थाले नदीजन्य र अन्य प्राकृतिक पदार्थहरूको

उत्खनन र चोरी निकासी, कवाडी चोरी आदि शीर्षकहरूमा प्राय जसो वार्षिक रुपमा दण्ड जरिवाना गर्नुपर्ने देखिन्छ। यिनै आधारहरूमा राजस्वको सम्भावना अनुमान गरिएको छ।

तालिका ३७: दण्ड जरिवाना आयको सम्भावनाको गणना

| क्र सं | कसूरको विवरण | इकाई | अनुमानित परिमाण | कर दर (रु) | अनुमानित आय (रु) |
|---|---|---|---|---|---|
| १ | ढुंगा गिट्टी बालुवा वा अन्य प्राकृतिक स्रोत चोरी निकासी गरेमा | | | | |
| क | डोजर/स्क्याभेटर | पटक | ३ | ५०,००० | १५०,००० |
| ख | ट्रिपर वा ट्रक | पटक | २ | २५,००० | ५०,००० |
| ग | ट्र्याक्टर | पटक | ३ | ७,५०० | २२,५०० |
| २ | कवाडी सामान चोरी गरेमा | टिप | ५ | ७,५०० | ३७,५०० |
| ३ | निषेधित क्षेत्रमा निर्माण सामाग्री राखेमा | पटक | ३ | २,००० | ६,००० |
| ४ | सार्वजनिक स्थानमा फोहर मैला फालेमा | पटक | ७ | २,००० | १४,००० |
| ५ | खोलामा विषादी वा करेन्ट हाली माछा मारेमा | पटक | ५ | ५,००० | २५,००० |
| | जम्मा | | | | ३०५,००० |

दुन्चेश्वर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

## परिच्छेद - ४

## आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

### ४.१ राजश्व परिचालन सम्बन्धी नीति

यस गाउँपालिकाले आन्तरिक राजस्व परिचालन तथा व्यवस्थापनका लागि आर्थिक ऐनको अलवा अन्य कुनै ऐन तथा कार्यविधिहरू लागू गरेको छैन । स्थानीय स्रोत साधानहरूको समुचित उपयोग तथा आन्तरिक आयमा वृद्धि गर्नका लागि नीतिगत पहलहरू गर्नुपर्ने आवश्यकता देखिएको छ । गाउँपालिकाले तत्काल लागू गर्नुपर्ने कानुनहरू देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ४४: आन्तरिक राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धी स्थानीय ऐन तथा नियमहरू

| क्र सं | स्थानीय ऐन तथा नियमहरू |
|---|---|
| १ | आन्तरिक कर तथा गैरकर व्यवस्थापन ऐन |
| २ | आन्तरिक कर तथा गैरकर व्यवस्थापन कार्यविधि |

### ४.२ आय संकलनको संस्थागत क्षमता

आन्तरिक राजस्व संकलन र व्यवस्थापनका लागि देहायका कार्यहरू भएका छन्:

क) राजस्व शाखाको स्थापना भई प्रविधिमा आधारित राजस्व संकलन प्रणाली लागू भएको छ ।

ख) गाउँपालिकाको सबै वडाहरूमा राजस्व शाखा व्यवस्था गरिएको छ ।

ग) राजस्व शाखाका लागि आवश्यक कम्प्युटर, प्रिन्टर तथा आवश्यक विद्युतीय उपकरणहरू उपलब्ध छन् ।

घ) राजस्व शाखाका कर्मचारीहरू प्राविधिक रुपमा दक्ष रहेका छन् ।

ङ) राजस्वको समयमै संकलन गर्नका लागि आवश्यक रणनीति तथा उपयुक्त उपायहरू कार्यान्वयन हुन बाँकी छ ।

### ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

नेपालको संविधान र प्रचलित कानुनहरूले दिएको अधिकार क्षेत्रभित्र रही आन्तरिक आय संकलन गरी स्थानीय सरकारको चालु तथा पूजीगत खर्च क्षेत्रमा उपयोग गरिएको छ । तर आन्तरिक आय

परिचालनका लागि रणनीतिक योजना तयार गरी सोही अनुसार राजस्वको संकलन तथा राजस्व स्रोतहरूको व्यवस्था गर्ने कार्य भएको छैन।

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरू

नेपालको संविधान तथा प्रचलित कानुनहरूले स्थानीय तहलाई उपलब्ध गराएको आन्तरिक राजस्व संकलन गर्न पाउन अधिकारभित्र रही आन्तरिक आय संकलन तथा व्यवस्थापन गर्ने क्रममा रहेका सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ३८: आन्तरिक राजस्व परिचालनका वर्तमान सवालहरू

| क्र सं | सवालहरू |
|---|---|
| **अ** | **कर तथा गैरकर राजस्व** |
| क | सम्पत्ति कर |
| १ | सम्पत्ति कर लागु भएको तर सबै करदाताहरूलाई दायरामा ल्याइ नसकिएको। |
| २ | सम्पत्ति करका करदाताहरूको लगत प्रविधिमा आधारित विधिवाट नराखिएको। |
| ३ | सम्पत्ति करको मूल्यांकन दर स्थानीय बजार मुल्य भन्दा अधिक भएकोले नागरिकहरूलाई मार्का परेको। |
| ४ | सम्पत्ति कर तिर्न गाउँपालिका सदरमुकाम नै जानु परेकोले नागरिकहरूलाई असुविधा भएको। |
| **ख** | भूमिकर |
| १ | भूमिकर (मालपोत) का करदाताहरूको लगत प्रविधिमा आधारित प्रणालीमा अद्यावधिक नभएको। |
| २ | गाउँपालिकाको आर्थिक ऐन २०८० मा तोकिएको जग्गाको मूल्यांकनको कानुनी आधार नभएको। |
| **३** | गाउँपालिकाको जग्गा मूल्यांकनको दर र मालपोतमा तोकिएको दर फरक भएको हुँदा नागरिकलाई समस्या भएको। |
| **ग** | घर बहाल कर तथा बहाल बिटौरी |
| १ | घर बहाल र बहाल बिटौरी सम्बन्धी करदाताहरूको लगत अद्यावधिक नभएको। |
| २ | गाउँपालिका क्षेत्रभित्र व्यक्तिले चर्चेको सबै ऐलानी वा सार्वजनिक जग्गाहरू करको दायरामा नआएको। |
| ३ | आवासीय प्रयोजनको लागि घर/जग्गा बहालमा लगाएका घरधनीहरू बहाल करको दायरामा नआएको। |
| **घ** | व्यवसाय कर |
| १ | व्यवसायको आर्थिक कारोबार अंकको आधारमा कर संकलन नगरिएको। |

| | |
|---|---|
| २ | व्यवसायीहरूले आफ्नो व्यवसाय बन्द गरेपश्चात दर्ता खारेज गर्न नजाने भएकोले वक्यौता रकम रहिरहने समस्या रहेको । |
| ३ | गाउँ क्षेत्रका सबै व्यवसायहरू गाउँपालिकामा दर्ता नभैसकेको । |
| ङ | सवारी पार्किङ शुल्क |
| १ | बजार क्षेत्रमा पार्किङ सुविधा थप गर्नुपर्ने आवश्यकता रहेको । |
| च | घर नक्सा पास दस्तुर |
| १ | पुराना घरहरूको अभिलेखीकरण कार्य बाँकी रहेको । |
| २ | घर नक्साहरू प्रविधिमा आधारित प्रणालीमा समावेश नभएको । |
| छ | सेवा शुल्क दस्तुर |
| १ | सबै सेवा शुल्क दस्तुर भुक्तानीको लागि गाउँपालिकाको  काउण्टरमै आउनु पर्ने बाध्यता रहेको । |
| २ | संस्था तथा निकायहरूबाट फोहोरमैला व्यवस्थापन शुल्क संकलन नगरिएको । |
| ३ | खोलानाला र वनभोज स्थलहरूमा हुने फोहोरमैला व्यवस्थापन र सोवापत शुल्क संकलन नगरिएको । |
| ज | दण्ड जरिवाना |
| १ | खोलामा विषादी वा करेन्ट हाली माछा मार्नेलाई दण्ड जरिवाना गर्ने व्यवस्था थप गर्नुपर्ने सुझाव प्राप्त भएको । |
| २ | सडक, सार्वजनिक जग्गा वा निजी जग्गा आदिमा फोहोर फालेमा दण्ड जरिवाना लगाउने व्यवस्था थप गर्ने सुझाव प्राप्त भएको । |
| ३ | घरपालुवा कुकुरलाई सार्वजनिक जग्गा र सडकमा दिशा पिसाव गराएमा जरिवाना गर्ने व्यवस्था थप गर्नुपर्ने सुझाव प्राप्त भएको । |
| आ) | **राजस्व प्रशासन** |
| क | नीतिगत व्यवस्था |
| १ | गाउँपालिकामा कर तथा गैरकर राजस्व व्यवस्थापन सम्बन्धी ऐन तथा कार्यविधि लागू नभएको । |
| ख | सांगठनिक व्यवस्था |
| १ | वडा कार्यालयहरूमा राजस्वको लागि अलग्गै कर्मचारी व्यवस्था नभएको । |
| ग | भौतिक संरचना |
| १ | वडा कार्यालयहरूमा राजस्व शाखाको लागि छुट्टै कोठाको व्यवस्था नभएको । |
| २ | गाउँपालिकाको  राजस्व शाखामा करदाताका लागि सुविधाजनक प्रतिक्षालय, खानेपानी आदिको व्यवस्था नभएको । |
| घ | राजस्व संकलन तथा अभिलेख |
| १ | कर असुली ताकेता तथा सूचना, शिक्षा र सञ्चार कार्यक्रम आदि न्यून भएको । |

| | |
|---|---|
| २ | सबै वडा कार्यालयहरूको नजिक बैंक नभएकोले नगदै बोकेर सदरमुकामका बैंकमा जम्मा गर्न जाँदा जोखिमको सम्भावना रहेको। |
| ३ | राजस्व शाखा र वडाका कर्मचारीहरू राजस्व शीर्षक अनुसार रकम संकलन गर्ने कार्यमा पूर्ण जानकार नभएको। |
| ४ | करदाताहरूका लागि अनलाइन भूक्तानीको व्यवस्थाको अभावमा गाउँपालिका वाहिर रहेका करदाताले समयमै कर भुक्तानी गर्न नसकेको। |
| ५ | करदाताले भूक्तानी गरेको करको मोवाइल म्यासेज र अन्तरसम्बन्धको व्यवस्था नभएको। |
| ङ | सूचना तथा पारदर्शिता |
| १ | राजस्व दर र दायरा सम्बन्धमा जानकारीमूलक सूचना तथा सञ्चारका कार्यक्रमहरू नगरिएको। |
| २ | आन्तरिक आयका उपयोग सम्बन्धमा नागरिकहरू अनभिज्ञ रहेको। |
| च | अनुगमन |
| १ | राजस्व संकलन र व्यवस्थापनको अनुगमन नभएको। |
| २ | स्थानीय करका सबै खाले करदाताहरू करको दायरामा आए नआएको अनुगमन नभएको। |
| ३ | राजस्व अनुगमनको लागि राजस्व परामर्श समितिका सबै पदाधिकारीहरू सचेत भैनसकेको। |
| ४ | राजस्वको लक्ष्य र प्रगति सम्बन्धमा नियमित समीक्षा र राजस्व संकलनमा तिब्रताको लागि निर्णयहरू नभएको। |
| छ | करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम |
| १ | राजस्व संकलनमा खटिएका कर्मचारीहरूलाई प्रगतिको आधारमा प्रोत्साहनको व्यवस्था नभएको। |
| २ | अग्रिम कर तिर्ने करदातालाई छुटको व्यवस्था गरेको तर करदाता समक्ष यो सूचना नपुगेको। |
| ३ | नियमित किसिमका करदाताहरू पहिचान गरी प्रोत्साहन गर्ने कार्य नभएको। |
| झ | वार्षिक प्रगति मूल्याङ्कन र समीक्षा |
| १ | राजस्व संकलनमा भएको प्रगतिको मूल्याङ्कन नगरिएको। |

दुद्धेश्वर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

## परिच्छेद - ५

## राजश्व सुधार कार्ययोजना

### ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

अघिल्ला परिच्छेदहरूमा गाउँपालिकामा आन्तरिक राजस्वको वर्तमान अवस्था बारेमा लेखाजोखा र विश्लेषण गरिएको थियो। यस परिच्छेदमा आन्तरिक राजस्वलाई दिगो र व्यवस्थित रुपमा परिचालन गर्नका लागि देखिएका सवालहरूमा आधारित रही उपयुक्त कार्यक्रमहरूको पहिचान गरिएको छ।

तालिका ३९: आन्तरिक राजस्व परिचालनका कार्यक्रमहरू

| क्र सं | सवालहरू | सुधारका कार्यक्रमहरु |
|---|---|---|
| **अ** | **कर तथा गैरकर राजस्व** | |
| क | सम्पत्ति कर | |
| १ | सम्पत्ति कर लागु भएको तर सबै करदाताहरूलाई दायरामा ल्याइ नसकिएको। | गाउँपालिकाका सबै करदातालाई सम्पत्ति करको दायरामा ल्याउने। |
| २ | सम्पत्ति करका करदाताहरूको लगत प्रविधिमा आधारित विधिवाट नराखिएको। | सम्पत्ति करका करदाताहरूको लगत प्रविधिमा आधारित विधिवाट राख्ने। |
| ३ | सम्पत्ति करको मूल्यांकन दर स्थानीय बजार मुल्य भन्दा अधिक भएकोले नागरिकहरूलाई मार्का परेको। | सम्पत्ति करको मूल्यांकन दरमा पूरावलोकन गरी स्थान विशेष दर संशोधन गर्ने। |
| ४ | सम्पत्ति कर तिर्न गाउँपालिका सदरमुकाम नै जानु परेकोले नागरिकहरूलाई असुविधा भएको। | सम्पत्ति कर लगायतका सबै कर वडामा तिर्ने व्यवस्था मिलाउने। |
| ख | भूमिकर | |
